# बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




बागमती प्रदेश

नेपाल राष्ट्र बैंक
आर्थिक अनुसन्धान विभाग
२०८२ असार

# प्राक्कथन

नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक र वित्तीय क्षेत्रको तथ्याङ्क तथा विश्लेषण समावेश गरी **आर्थिक गतिविधि अध्ययन** प्रतिवेदन अर्धवार्षिक रुपमा प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन प्रदेशगत रुपमा समेत प्रकाशन हुने गरेको छ। यसै क्रममा वागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले र अन्य प्रदेशहरुको प्रतिवेदन नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुले तर्जुमा गर्ने व्यवस्था रहेको छ।

यस विभागले तर्जुमा गरेको प्रस्तुत प्रतिवेदनमा वागमती प्रदेशका १३ जिल्लाहरुमा आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्मको जिल्लागत कृषि, उद्योग, सेवा र पूर्वाधारक्षेत्रको स्थिति तथा ती क्षेत्रमा देखिएका विद्यमान समस्या/चुनौती, सम्भावना र परिदृश्यकाबारेमा संक्षिप्त विश्लेषण गरिएको छ। यसका अतिरिक्त वागमती प्रदेशका रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरुको पछिल्लो विवरण एवम् प्रदेश सरकारको खर्च, राजस्व परिचालन र वित्तीय हस्तान्तरणको संक्षिप्त विवरण समेत समावेश गरिएको छ। प्रतिवेदनमा कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत विवरण स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त हुने तथ्याङ्क/विवरणमा आधारित रहेको छ।

प्रस्तुत अध्ययन प्रतिवेदन वागमती प्रदेश सरकार लगायत सरोकारवालालाई उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदन तयार पार्न आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउने सरकारी तथा निजी क्षेत्रका कार्यालय, विभिन्न परियोजना, बैंक तथा वित्तीय संस्था र उद्योगी/व्यवसायीप्रति आभार व्यक्त गर्दछु। प्रतिवेदन तर्जुमा गर्ने कार्यको संयोजन गर्नुहुने विभागका निर्देशक श्री बुद्ध राज शर्मालाई विशेष धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी, प्रतिवेदन तयार पार्न संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकहरु श्री सजना शिल्पकार र श्री जयनारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री रोशन सेढाई, श्री कुशल ढकाल, श्री शिखा पोखेल र श्री रामकृष्ण आचार्य र अधिकृत (कम्प्युटर) श्री राम कुमार थापालाई धन्यवाद ज्ञापन गर्दछु।

**डा. राम शरण खरेल**
**कार्यकारी निर्देशक**

# विषय-सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| आवरण पृष्ठ | |
| प्राक्कथन | (क) |
| विषय सूची | (ख) |
| तालिका सूची | (घ) |
| चार्ट सूची | (ङ) |
| सारांश | (च) |
| **परिच्छेद १: अध्ययन परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन | १ |
| १.३ अध्ययनको सीमा | २ |
| १.४ अध्ययनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | |
| २.१ नेपालको समष्टिगत आर्थिक स्थिति | ४ |
| २.२ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत योगदान | ४ |
| २.३ अन्तर प्रदेश तुलना | ४ |
| २.४ प्रादेशिक सम्भावना र चुनौती | ५ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| ३.२ कृषि उत्पादन | ८ |
| ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| ३.४ सिँचाई | १० |
| ३.५ क्षेत्रगत कृषि कर्जा | ११ |
| ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | |
| ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन | १५ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १५ |
| ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | |
| ५.१ पर्यटन | १८ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| ५.३ वित्तीय सेवा | १९ |
| ५.४ यातायात | २० |
| ५.५ सेवा क्षेत्र कर्जा | २१ |
| ५.६ सहकारी | २१ |
| ५.७ सेवा क्षेत्रका चुनौती र सम्भावना | २२ |

**परिच्छेद ६: पूर्वाधार र रोजगारी**

६.१ पूर्वाधार क्षेत्र २४

६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना २६

६.३ रोजगारी २६

६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना २८

**परिच्छेद ७: प्रादेशिक कार्यक्रम तथा योजना**

७.१ बागमती प्रदेशको सरकारी वित्त स्थिति २९

७.२ प्रदेशगत सरकारी खर्च २९

७.३ प्रदेशगत सरकारी आय २९

७.४ स्थानीय तहहरुको वित्त स्थिति ३०

**परिच्छेद ८: आर्थिक परिदृष्य**

८.१ कृषि क्षेत्रको परिदृष्य ३२

८.२ औद्योगिक क्षेत्रको परिदृष्य ३२

८.३ सेवा क्षेत्रको परिदृष्य ३२

८.४ पूर्वाधार क्षेत्रको परिदृष्य ३३

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र | ७ |
| तालिका ३.२: कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन | १० |
| तालिका ३.४: जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा | १६ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत विवरण | २० |
| तालिका ५.३: जिल्लागत सेवा क्षेत्र कर्जा | २१ |
| तालिका ५.४: छनौटमा परेका ८ सहकारी संस्थाहरूको २०८१ पुस मसान्तसम्मको विवरण | २२ |
| तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्लागत रोजगारीको विवरण | २७ |
| तालिका ६.२: जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण | २७ |
| तालिका ७.१: प्रदेशगत खर्चको स्थिति | २९ |
| तालिका ७.२: प्रदेशगत आयको स्थिति | ३० |
| तालिका ७.३: बागमती प्रदेशको स्थानीय तहहरुको खर्च विवरण | ३० |

# चार्ट सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| चार्ट १: | प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल | ७ |
| चार्ट २: | प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति | ८ |
| चार्ट ३: | सिँचाई क्षेत्रमा भएको विस्तार | १० |
| चार्ट ४: | उद्योगहरुको क्षमता उपयोग | १५ |
| चार्ट ५: | औद्योगिक कर्जा लगानी स्थिति | १६ |
| चार्ट ६: | बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी | १८ |
| चार्ट ७: | निक्षेप तथा कर्जा स्थिति | २० |
| चार्ट ८: | २०८१/८२ पुस मसान्तसम्ममा ५ वटा स्थानीय तहहरुको खर्चको विवरण | ३० |

# सारांश

## समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

२. आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.२ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, ११.१ प्रतिशत र ७७.१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

## कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा बागमती प्रदेशमा खाद्य बालीले ढाकेको भू-क्षेत्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.३ प्रतिशतले घटेको छ । साथै, खाद्य बालीको उत्पादन भने ४.३ प्रतिशतले घटेको छ ।

५. समीक्षा अवधिमा फापर उत्पादन ४.४ प्रतिशतले बढेको छ भने धान उत्पादन १.१ प्रतिशत, मकै उत्पादन ३.७ प्रतिशत, कोदो उत्पादन ५.१ प्रतिशत, गहुँ उत्पादन १५.५ प्रतिशत र जौ उत्पादन ३६.० प्रतिशतले घटेको छ ।

६. समीक्षा अवधिमा तरकारी उत्पादन २१.८ प्रतिशतले बढेको छ । पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २.२ प्रतिशत, मासु उत्पादन ३.१ प्रतिशत र अण्डा उत्पादन ०.४ प्रतिशतले बढेको छ ।

७. २०८१ पुस मसान्तमा बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि, वन र माछापालन क्षेत्रमा रु.१ खर्ब २० अर्ब ११ करोड कर्जा लगानी भएको छ । सो रकम यस प्रदेशमा प्रवाहित कर्जाको ३.७३ प्रतिशत रहेको छ ।

## उद्योग क्षेत्र

८. समीक्षा अवधिमा यस प्रदेशका अध्ययनमा समेटिएका उद्योगको औसत उत्पादन क्षमता उपयोग ३३.८ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्ता उद्योगको क्षमता उपयोग ४१.० प्रतिशत रहेको थियो ।

९. नमुना छनौटमा परेका उद्योगहरुमध्ये जलविद्युत उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी छ भने औषधी मध्येको ओइन्टमेन्ट उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको छ ।

१०. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३६.६ प्रतिशत रहेको छ ।

## सेवा क्षेत्र

११. समीक्षा अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत क्षमता उपयोग (अकुपेन्सी) ५२.५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा अध्ययनमा समेटिएका होटलहरुको औसत क्षमता उपयोग ५०.६ प्रतिशत रहेको थियो ।

१२. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ६.८ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ८.८ प्रतिशतले बढेको छ ।

१३. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०८० पुस मसान्तको तुलनामा ७.९ प्रतिशतले र कर्जा प्रवाह १९.३ प्रतिशतले वृद्धि भएको छ । २०८१ पुस मसान्तमा कर्जा-निक्षेप अनुपात ७१.९ प्रतिशत रहेको छ ।

## पूर्वाधार र रोजगारी

१४. बागमती प्रदेशमा निर्माणाधीन रहेका बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना, सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना, याङ्ग्रेलार्के नदी डाईभर्सन (मेलम्ची खानेपानी आयोजना दोस्रो चरण) जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू र गल्छी-त्रिशुली-मैलुङ्ग--स्याफ्रुबेसी-रसुवागढी सडक योजना लगायतका आयोजनाहरुको कार्यान्वयन तीव्र रुपमा अघि बढी रहेको छ ।

१५. आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्ममा बागमती प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्या ६५ हजार ६ सय १७ रहेको छ । त्यसैगरी, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पुस मसान्तसम्ममा २ सय २८ व्यक्तिले रोजगारी प्राप्त गरेका छन् ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसै क्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतिको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्य समेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । अर्ध-वार्षिक प्रतिवेदन आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म) को तथ्याक तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ भने वार्षिक प्रतिवेदन वार्षिक तथ्याक तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ । प्रतिवेदनमा जिल्लागत रुपमा कृषि, उद्योग, सेवा र निर्माण क्षेत्रको स्थिति, सम्भावना र चुनौति तथा परिदृश्य समावेश हुने गरेको छ ।

नेपालको संविधान, २०७२ जारी भएसँगै मुलुक संघीय संरचनामा रुपान्तर भएपश्चात प्रदेश र स्थानीय तहलाई समेत नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि सातै प्रदेशका ७७ वटै जिल्लाहरु समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तर्जुमा गर्न थालिएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन २०७९ समेत) मा भएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयहरुले प्रदेशको सबै जिल्ला समेटी यस्तो अध्ययन प्रतिवेदन तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । वागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तर्जुमा गर्ने जिम्मेवारी भने आर्थिक अनुसन्धान विभागको रहेको छ । प्रदेशगत प्रतिवेदन तर्जुमा गरिँदा प्रदेश अन्तर्गतका सबै जिल्लाहरुमा कृषि, उद्योग, सेवा र पूर्वाधार निर्माण क्षेत्रहरुको विवरण आर्थिक अनुसन्धान विभागबाट छनौट गरिएको निकाय, कार्यालय, प्रतिष्ठान र इकाइबाट तथ्याङ्क तथा विवरण संकलन गरी सो को विश्लेषणमा हुनुपर्ने व्यवस्था रहेको छ ।

यसै क्रममा प्रस्तुत वागमती प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी कुल १३ वटा जिल्लाहरुको २०८१ साउनदेखि २०८१ पुस मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

१. आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा बागमती प्रदेशको समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति तथा आगामी अवधिको आर्थिक परिदृश्य यो प्रतिवेदनमा समावेश गरिएको छ । त्यसैगरी, राष्ट्रिय अर्थतन्त्रमा वागमती प्रदेशको अवस्थिति र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समाबेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुतौतिहरुकाबारेमा संक्षिप्त विश्लेषण गरिएको छ । यसका अतिरिक्त समीक्षा अवधिको स्थिति र आगामी ६ महिना अवधिको अनुमानको आधारमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको परिदृष्य समेत प्रतिवेदनमा समावेश गरिएको छ ।

२. नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संसोधन २०७९ समेत) अनुसार यस प्रदेशको सबै जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा मूलतः स्थलगत सर्वेक्षण र सम्बन्धित निकायहरुबाट प्राप्त विवरणको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ ।

३. अध्ययनको लागि तथ्याङ्क तथा विवरण देहाय बमोजिम संकलन गरिएको छ ।

(क) कृषि सम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवम् मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ ।

(ख) औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका ३४ वटा उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ ।

(ग) सेवा क्षेत्र अर्न्तगत बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुबाट संकलन गरिएको छ । पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमूना छनौटमा परेका १२ वटा होटलहरुबाट, घरजग्गा नक्शा पास तथ्याङ्क नगरपालिकाबाट संकलन गरिएको छ ।

(घ) पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ । स्थानीय सरकार एवम् अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यस अध्ययनमा तथ्याक संकलनमा विभिन्न प्रकारका सीमाहरु रहेकोले अध्ययन प्रतिवेदनको उपयोगमा सजगता अपनाउनु आवश्यक छ ।

१. मुलुकमा संघीयता कार्यान्वयनमा आए पश्चात् तथ्याङ्क प्रदायक निकायहरुको पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरु समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । कृषिको तथ्याङ्क कृषि मन्त्रालय र सडक पूर्वाधारको विवरण सडक विभागको विवरणमा आधारित गरिएको छ ।

२. त्यसैगरी, यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरुको विवरण एकमुष्ठ प्राप्त हुने भएकोले वागमती प्रदेशको मात्र विवरण प्राप्त गर्न कठिन हुने गरेको छ । कतिपय उद्योग व्यवसायहरुबाट तथ्याङ्क उपलब्ध गराउने कार्यलाई थप व्यवस्थित गर्नुपर्ने देखिएको छ ।

३. भौतिक निर्माणतर्फ, गाउँपालिकाहरुले निर्माण गरेका सडक, सिँचाई र खानेपानी आयोजनाहरुको जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन सकेको छैन । सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने निकाय एक भन्दा बढी भएको र प्रत्येक निकायहरुले उपलब्ध गराउने विवरणमा भिन्नता देखिने गरेको छ। प्रस्तुत अध्ययनमा छनौटमा परेका निकायहरुबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ समेत) बमोजिम तयार पारिएको छ । यस अध्ययन प्रतिवेदनलाई ८ परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, र परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ ।

त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विश्लेषण गरिएको छ । परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनासँग सम्बन्धित विवरण प्रस्तुत गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य सम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

## २.१ नेपालको समष्टिगत आर्थिक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.६ प्रतिशत रहने तथा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६१ खर्ब ७ अर्ब रहने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.७ प्रतिशत रहने संशोधित अनुमान रहेको छ। आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत रहने अनुमान छ। त्यसैगरी, प्रतिव्यक्ति आम्दानी (Per Capita GDP) १४९६ अमेरिकी डलर रहने प्रारम्भिक अनुमान छ।

## २.२ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत योगदान

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.२ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२२ खर्ब ३० अर्ब पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.८ प्रतिशत, ११.१ प्रतिशत र ७७.१ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१ प्रतिशत, ३१.७ प्रतिशत र ४५.४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

## २.३ अन्तर प्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.३ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२ प्रतिशत) रहेको छ। कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.७ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४५.४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.९ प्रतिशत) रहेको छ।

**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

**(आर्थिक वर्ष २०८१/८२)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७०.७४ | ८०३.९७ | **२२३०.२३** | ५४८.१६ | ८६८.९० | २५५.५९ | ४२९.६३ | **६१०७.२२** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९० | १३.१६ | **३६.५२** | ८.९८ | १४.२३ | ४.१९ | ७.०३ | **१००.००** |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५० | **५.१८** | ५.५१ | ४.७० | ४.७४ | ३.३२ | **४.६१** |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५१ | १९.२२ | **१७.१२** | ९.६७ | १७.५४ | ५.२४ | ९.७१ | **१००.००** |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.९४ | १०.९३ | **३१.६८** | ११.९८ | १५.४७ | ३.१३ | ६.८७ | **१००.००** |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७८ | ११.१७ | **४५.३९** | ८.०७ | १२.६३ | ३.९८ | ५.९८ | **१००.००** |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३४.०५ | ३६.७३ | **११.८०** | २७.१० | ३१.०२ | ३१.५० | ३४.७२ | **२५.१६** |
| उद्योग क्षेत्र | १६.०९ | १०.६६ | **११.१३** | १७.१३ | १३.९५ | ९.५८ | १२.५३ | **१२.८३** |
| सेवा क्षेत्र | ४९.८५ | ५२.६१ | **७७.०७** | ५५.७७ | ५५.०२ | ५८.९१ | ५२.७५ | **६२.०१** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८२।*

## २.४ प्रादेशिक सम्भावना तथा चुनौती

### २.४.१ प्रादेशिक सम्भावना

१. नेपालको अन्तर्राष्ट्रिय विमानस्थल मध्ये सबैभन्दा व्यस्त विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा पर्याप्त पर्यटकीय सुबिधा रहेको सन्दर्भमा सांस्कृतिक, जैविक, साहसिक पर्यटक (र्‍याफ्टिङ, प्याराग्लाइडिङ, क्यानोनिङ, कायाकिङ) र हिमाल पदमार्गको (गणेश हिमाल पदमार्ग, लाङटाङ-जुगल हिमाल पदमार्ग) प्रोत्साहन गरी पर्यटनको गन्तव्य विविधीकरण र बसाई अवधि लम्व्याउन सकिने सम्भावना रहेको छ ।

२. राष्ट्रिय कृषि अनुसन्धान परिषद, मकै बाली अनुसन्धान कार्यक्रम, चरन तथा घाँसेबाली अनुसन्धान केन्द्र, राष्ट्रिय गाई अनुसन्धान कार्यक्रम, पहाडी बाली अनुसन्धान कार्यक्रम लगायतका कृषिलाई प्रोत्साहन गर्ने संस्था र कार्यक्रम यसै प्रदेशमा रहेकोले कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्न सकिने उच्च सम्भावना रहेको छ ।

३. विश्व सम्पदा सूचीमा सूचीकृत नेपालमा रहेका १० क्षेत्र मध्ये बागमती प्रदेशमा चाँगुनारायण मन्दिर, भक्तपुर दरवार क्षेत्र, स्वयम्भूनाथ स्तूपा, पशुपतिनाथ मन्दिर, पाटन दरवार क्षेत्र, हनुमानढोका दरवार क्षेत्र, बौद्धनाथ महाचैत्य र चितवन राष्ट्रिय निकुन्ज गरी ८ वटा क्षेत्र रहनुका साथै हवाई यात्राबाट आउने पर्यटकहरु यसै प्रदेश हुँदै अन्य प्रदेशमा जाने भएको कारण पर्यटन व्यवसायमा उच्च सम्भावना रहेको छ ।

४. उपत्यका लगायतका ठूला शहरहरुमा विद्युतीय सवारी साधनको उपयोग बढ्दै गएकोले विद्युतीय साधनको Service Station र Charging Station को स्थापना गरी व्यवसाय विस्तार गर्ने सम्भावना रहेको छ ।

५. यस प्रदेशमा हिमाल, पहाड, उपत्यका र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकोले विविधताको हिसाबले अन्य प्रदेशहरुभन्दा कृषि, पर्यटन र व्यापारमा तुलनात्मक लाभ रहेको छ ।

६. नेपाल सरकारले भूमिबैंक व्यवस्थालाई कार्यान्वयनमा ल्याई बाँझो कृषि योग्य जमिन भाडामा लिने र कृषकलाई लिजमा दिने व्यवस्था शिघ्र कार्यान्वयनमा ल्याउन सकेमा यस प्रदेशमा खाद्यान्न उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।

७. प्रदेशको हावापानी अनुसार उच्च हिमाली क्षेत्रमा पशुपालन, मध्यपहाडी क्षेत्रमा फलफूल खेती र सिन्धुली, मकवानपुर र चितवन जस्ता भित्री मधेसहरु कृषि र औद्योगिक कार्यको प्रचुर सम्भावना देखिन्छ । वागमती प्रदेशमा व्यावसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनावट भएकोले यस प्रदेशमा तरकारी तथा फलफूल उत्पादन लगायत ट्राउट माछापालनको उच्च सम्भावना रहेको छ ।

८. भारत तथा बंगलादेशतर्फ बिजुली व्यापारको सम्भावनाका साथै चीनतर्फ पनि रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण गरी बिजुली निर्यात गर्ने सम्भावना रहेको छ। साथै, नेपाल र चीनबीच २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि समझदारी भएकाले चीनतर्फ विद्युत निर्यातको सम्भावना बढेको छ ।

### २.४.२ प्रादेशिक चुनौती

१. जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत, पूर्वाधार, उद्योगमा पर्नसक्ने असरलाई कम गर्न वातावरणीय क्षेत्रमा लगानी बढाउने कार्य चुनौतीपूर्ण छ ।

२. उपत्यका तथा आसपासका सहरहरुमा सडक मर्मत, ढल तथा फोहर व्यवस्थापन, प्रदुषण नियन्त्रण, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास, ट्राफिक व्यवस्थापन, बर्षायाममा शहरका बस्ती डुवान र पहाडी इलाकामा बाढी, पहिरो लगायतका समस्या समाधान गर्ने कार्य चुनौतीपूर्ण छ ।

३. विद्युत व्यापार विस्तार गर्न प्रसारणलाइनका लागि समझदारी भए पनि त्रिशुली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणमा जाने तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनावाट उत्पादित बिजुली निर्यात गर्न सकिने सम्भाव्यता भएपनि बिजुली निर्यात चुनौतीपूर्ण छ ।

४. सहरी क्षेत्रमा जनसंख्या वृद्धिले कृषियोग्य भूभागमा बस्ती बढ्दै जाने तथा पहाडी र हिमाली इलाकामा बसाईसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषियोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण छ ।

५. उपत्यका तथा आसपासका क्षेत्रको जमिनको बढ्दो मूल्यले उद्योग स्थापना र सञ्चालन लागत बढ्ने र उत्पादित वस्तुले विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न कठिन हुने हुँदा जमिनको मूल्यमा स्थायित्व ल्याउनु चुनौतीपूर्ण छ ।


# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### खाद्य बाली :

आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा यस प्रदेशमा खाद्य बालीले ढाकेको कुल क्षेत्रफल ५.३ प्रतिशतले घटेको छ । गत वर्ष यस्तो क्षेत्रफल ०.८ प्रतिशतले बढेको थियो । अर्कोतर्फ, समीक्षा अवधिमा धान बालीले ढाकेको क्षेत्रफल २.९ प्रतिशतले, गहुँ बालीले ढाकेको क्षेत्रफल ४.९ प्रतिशतले, कोदो बालीले ढाकेको क्षेत्रफल ५.१ प्रतिशतले, मकै बालीले ढाकेको क्षेत्रफल ६.६ प्रतिशतले, फापर बालीले ढाकेको क्षेत्रफल १६.१ प्रतिशतले र जौ बालीले ढाकेको क्षेत्रफल २५.६ प्रतिशतले घटेको छ ।

**चार्ट १ : प्रमुख खाद्यान्न बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**तरकारी** : समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल १३.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ११.६ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २०.५ प्रतिशतले घटेको छ भने अर्कोतर्फ मसला बालीले ढाकेको क्षेत्रफल ४.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुले ढाकेको क्षेत्रफल क्रमशः २.७ प्रतिशत र ५.७ प्रतिशतले बढेको थियो ।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | १८४७५ | १६९० | २९५ | ८०८.० | ४.२ | ५.७ | ३.० | १८.० |
| सिन्धुपाल्चोक | ६११०१ | – | – | – | १३.८ | – | – | – |
| रसुवा | ५७८६ | १६५९ | ५४२ | २७० | १.३ | ५.६ | ५.५ | ६.० |
| धादिङ्ग | ४४६७३ | ८८७५ | १७६५ | ५६२.० | १०.१ | ३०.२ | १८.० | १२.६ |
| नुवाकोट | ४४५३४ | ५४९४ | १५३० | ७४२.० | १०.० | १८.७ | १५.६ | १६.६ |
| काठमाडौं | १४०१० | ३२७४ | १५१ | ५१.० | ३.२ | ११.१ | १.५ | १.१ |
| भक्तपुर | ७४६५ | १००६ | २३ | १७६.० | १.७ | ३.४ | ०.२ | ३.९ |
| ललितपुर | १६५५५ | ३४७९ | १७१ | १७७.० | ३.७ | ११.८ | १.७ | ४.० |
| काभ्रेपलाञ्चोक | ४७००४ | – | – | – | १०.६ | – | – | – |
| रामेछाप | ३९२५५ | १०९८ | ४५१ | ४६८.० | ८.८ | ३.७ | ४.६ | १०.५ |
| सिन्धुली | ५५५७३ | २८६१ | ४८७९ | १२२३.० | १२.५ | ९.७ | ४९.८ | २७.३ |
| मकवानपुर | ३७३७२ | – | – | – | ८.४ | – | – | – |
| चितवन | ५२४९९ | – | – | – | ११.८ | – | – | – |
| **जम्मा** | ४४४३०२ | २९४३५ | ९८०७ | ४४७७.० | १००.० | १००.० | १००.० | १००.० |


*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*
*नोट; सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर जिल्लाबाट तरकारी बाली ,फलफूल र मसला उत्पादनले ढाकेको भू–क्षेत्र सम्बन्धि तथ्याङ्क प्राप्त नभएको ।*

खाद्य बालीले ढाकेको क्षेत्रफलमा सिन्धुपाल्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१३.८ प्रतिशत) र रसुवा जिल्लाको सबैभन्दा कम (१.३ प्रतिशत) रहेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफलमा धादिङ्ग जिल्लाको हिस्सा सबैभन्दा बढी (३०.२ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (३.४ प्रतिशत) रहेको छ । यसैगरी, फलफूल बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (४९.८ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.२ प्रतिशत) रहेको छ । मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (२७.३ प्रतिशत) र काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम (१.१ प्रतिशत) रहेको छ (तालिका ३.१) ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा खाद्य बालीको उत्पादन ४.३ प्रतिशतले घटेको छ भने गत वर्षको सोही अवधिमा यस्तो बालीको उत्पादन ०.६ प्रतिशतले घटेको थियो ।

**चार्ट २: प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.ट.)**




*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय ।*

**खाद्य बाली** : समीक्षा अवधिमा फापर उत्पादन ४.४ प्रतिशतले बढेको छ । अर्कोतर्फ सोही अवधिमा धान उत्पादन १.१ प्रतिशतले, मकै उत्पादन ३.७ प्रतिशतले, कोदो उत्पादन ५.१ प्रतिशतले, गहुँ उत्पादन १५.५ प्रतिशतले र जौ उत्पादन ३६.० प्रतिशतले घटेको छ ।

गत वर्षको सोही अवधिमा धान उत्पादन ०.८ प्रतिशतले, कोदो उत्पादन ७.५ प्रतिशतले र जौ उत्पादन ११.३ प्रतिशतले बढेको थियो भने मकै उत्पादन १.७ प्रतिशतले, गहुँ उत्पादन ३.० प्रतिशतले र फापर उत्पादन १७.० प्रतिशतले घटेको थियो ।

**तरकारी** : समीक्षा अवधिमा तरकारीको उत्पादन २१.८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन १.३ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूलको उत्पादन २२.० प्रतिशतले घटेको छ । फलफूलहरु मध्ये स्याउ उत्पादन १३.६ प्रतिशतले बढेको छ भने सुन्तला उत्पादन ३६.२ प्रतिशतले, आँप उत्पादन ४.७ प्रतिशतले, केरा उत्पादन ४.५ प्रतिशतले र अन्य फलफूल उत्पादन १५.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा फलफूलको उत्पादन ३.२ प्रतिशतले बढेको थियो । उक्त अवधिमा सुन्तला

उत्पादन १.४ प्रतिशतले, स्याउ उत्पादन १.३ प्रतिशतले, आँप उत्पादन ३७.८ प्रतिशतले र अन्य फलफूल ६.९ प्रतिशतले वृद्धि भएको थियो भने केरा उत्पादन १०.० प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा मसला उत्पादन ६.० प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा मसला उत्पादन ४.८ प्रतिशतले बढेको थियो।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य बाली | तरकारी बाली | फलफूल | मसला | खाद्य बाली | तरकारी बाली | फलफूल | मसला |
| दोलखा | ४३५१२ | २०००० | २६६० | ११४९.० | ३.२ | ३.९ | ५.० | ३.६ |
| सिन्धुपाल्चोक | १४७७९१ | – | – | – | १०.७ | – | – | – |
| रसुवा | १२१०१ | ११९२१ | ३५०९ | १९८०.० | ०.९ | २.३ | ६.६ | ६.१ |
| धादिङ्ग | ११६८५७ | ८५५४७ | ५७६१ | ५०११.० | ८.५ | १६.९ | १०.८ | १५.५ |
| नुवाकोट | १४९८०७ | ५९५१२ | १३०९३ | ६३०७.० | १०.८ | ११.७ | २४.५ | १९.५ |
| काठमाडौं | ५८९२२ | १३०९४४ | १५१० | ४१९.० | ४.३ | २५.८ | २.८ | १.३ |
| भक्तपुर | ३९३१७ | ४१२४६ | २१९ | १३०१.० | २.८ | ८.१ | ०.४ | ४.० |
| ललितपुर | ६५९९४ | १३२१८३ | १७१६ | १४९५.० | ४.८ | २६.० | ३.२ | ४.६ |
| काभ्रेपलाञ्चोक | १५६७६९ | – | – | – | ११.४ | – | – | – |
| रामेछाप | ९८८१७ | ९००० | ४४३९ | ९९.० | ७.२ | १.८ | ८.३ | ०.३ |
| सिन्धुली | १५९५६२ | १७१६६ | २०४९६ | १४५७६.० | ११.६ | ३.४ | ३८.४ | ४५.१ |
| मकवानपुर | ११६६३६ | – | – | – | ८.४ | – | – | – |
| चितवन | २१४८१२ | – | – | – | १५.६ | – | – | – |
| **जम्मा** | **१३८०८९७** | **५०७५१९** | **५३४०३** | **३२३३७.०** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय।*

*नोट; सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर जिल्लाबाट तरकारी बाली ,फलफूल र मसला उत्पादन सम्बन्धी तथ्याङ्क प्राप्त नभएको।*

खाद्य बालीको उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१५.६ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा ललितपुर जिल्लाको हिस्सा सबैभन्दा बढी (२६.० प्रतिशत) र रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ। यसैगरी, फलफूल बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (३८.४ प्रतिशत) रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (०.४ प्रतिशत) रहेको छ। मसला बालीको उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (४५.१ प्रतिशत) रहेको छ भने रामेछाप जिल्लाको हिस्सा सबैभन्दा कम (०.३ प्रतिशत) रहेको छ (तालिका ३.२)।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन**: समीक्षा अवधिमा दूध उत्पादन २.२ प्रतिशतले, मासु उत्पादन ३.१ प्रतिशतले र अण्डा उत्पादन ०.४ प्रतिशतले बढेको छ भने छाला उत्पादन ०.६ प्रतिशतले र ऊन उत्पादन ०.९ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा दूध उत्पादन ३.३ प्रतिशतले, मासु उत्पादन २.४ प्रतिशतले, अण्डा उत्पादन २७.१ प्रतिशतले, ऊन उत्पादन ८.१ प्रतिशतले बढेको थियो भने छाला उत्पादन २.३ प्रतिशतले घटेको थियो।

**माछा उत्पादन**: समीक्षा अवधिमा माछा उत्पादन ०.१ प्रतिशतले बढेको छ भने गत वर्षको सोही अवधिमा माछा उत्पादन ८.६ प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन**: समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ औषधीजन्य उत्पादन ३६.७ प्रतिशतले बढेको छ भने काठ र दाउरा उत्पादन क्रमशः १७.१ र ७.१ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा काठ उत्पादन ७८ प्रतिशतले वृद्धि भएको थियो भने दाउरा र औषधीजन्य वस्तुको उत्पादन क्रमशः ४५.१ प्रतिशत र ४२.१ प्रतिशतले कमी भएको थियो।

**तालिका ३.३: प्रमुख पशुपन्छीजन्य उत्पादन**

| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दूध | मासु | अण्डा | माछापालन |
| सिन्धुपाल्चोक | १३३४८.३ | २७३१.१ | २६९०.३ | १५.२ | १.२ | ५.४ | ०.६ | ०.५ |
| रसुवा | ९४०.० | ५२४.० | ३२५.३ | १.५ | ०.१ | १.० | ०.१ | ०.१ |
| धादिङ्ग | २२२९२.० | ६५८८.० | २१४१९.० | ३१.० | २.० | १३.१ | ४.९ | १.० |
| नुवाकोट | २०२५०.० | ५६२८.० | ३६०१.० | २२.० | १.८ | ११.२ | ०.८ | ०.७ |
| काठमाडौं | २७४७५.३ | ११११.० | ३०३५४.० | १६.७ | २.५ | २.२ | ७.० | ०.६ |
| भक्तपुर | ११९५७.० | ९४८.३ | ५३४१.२ | २७.० | १.१ | १.९ | १.२ | ०.९ |
| ललितपुर | ५५४३४.० | ८६१.७ | ४९०१५.० | १७.१ | ५.० | १.७ | ११.३ | ०.६ |
| काभ्रेपलाञ्चोक | ८००४०८.२ | ५९३१.१ | १३३२८.० | ४७.५ | ७२.७ | ११.८ | ३.१ | १.६ |
| रामेछाप | १९२३२.० | ३६७१.० | १२५१९.० | १४.० | १.७ | ७.३ | २.९ | ०.५ |
| सिन्धुली | २१६३०.० | ५०३३.० | ११७३५.० | २३५.० | २.० | १०.० | २.७ | ७.८ |
| मकवानपुर | ५८३२०.० | ८६१५.० | ११६९२९.० | २२०.० | ५.३ | १७.१ | २६.९ | ७.३ |
| चितवन | ४९५६१.३ | ८८१२.७ | १६७८४१.८ | २३५०.८ | ४.५ | १७.५ | ३८.६ | ७८.४ |
| **जम्मा** | **११००८४८.०** | **५०४५५.०** | **४३५०९८.६** | **२९९७.९** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु ।*

*नोट; दोलखा जिल्लाबाट पशुपन्छीजन्य उत्पादन सम्बन्धि तथ्याङ्क प्राप्त नभएको ।*


काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (७२.७ प्रतिशत) दूध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (०.१ प्रतिशत) दूध उत्पादन भएको छ । मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.५ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.० प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (३८.६ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (७८.४ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ (तालिका ३.३) ।

## ३.४ सिँचाई

समीक्षा अवधिमा यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफल ५ लाख ६७ हजार ३७ हेक्टर मध्ये ४ लाख २६ हजार ३ सय २८ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । साथै, कुल १ लाख ४५ हजार ६ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । यस प्रदेशमा कुल खेती गरिएको क्षेत्रफलमा ३४.०१ प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ ।

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ५.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा सिञ्चित क्षेत्रफल ९.५ प्रतिशतले बढेको थियो ।

**चार्ट ३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

*नोट; सिन्धुपाल्चोक जिल्लाबाट सिञ्चित क्षेत्रफल सम्बन्धी तथ्याङ्क प्राप्त नभएको ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २० अर्ब ११ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जामा ६.२ प्रतिशतले कमी आएको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश ३.७ प्रतिशत रहेको छ ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ५४३.८३ | ०.४५ |
| सिन्धुपाल्चोक | ११२१.५१ | ०.९३ |
| रसुवा | ६७२.२४ | ०.५६ |
| धादिङ्ग | ४२२७.५० | ३.५२ |
| नुवाकोट | ४०१४.८९ | ३.३४ |
| काठमाडौं | ५८३३४.४९ | ४८.५६ |
| भक्तपुर | ३१८८.८५ | २.६५ |
| ललितपुर | ३७३४.७७ | ३.११ |
| काभ्रेपलाञ्चोक | ५४१५.१४ | ४.५१ |
| रामेछाप | ७६७.३६ | ०.६४ |
| सिन्धुली | २१५७.३७ | १.८० |
| मकवानपुर | ६३०४.०९ | ५.२५ |
| चितवन | २९६३६.४५ | २४.६७ |
| **जम्मा** | **१२०११८.५** | **१००.०** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी ४८.६ प्रतिशत तथा दोलखा जिल्लाको अंश सबैभन्दा कम ०.५ प्रतिशत रहेको छ । यसैगरी, चितवन जिल्लाको अंश २४.७ प्रतिशत, मकवानपुर जिल्लाको अंश ५.३ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको अंश ४.५ प्रतिशत, धादिङ्ग जिल्लाको अंश ३.५ प्रतिशत, नुवाकोट जिल्लाको अंश ३.३ प्रतिशत, ललितपुर जिल्लाको अंश ३.१ प्रतिशत, भक्तपुर जिल्लाको अंश २.७ प्रतिशत, सिन्धुली जिल्लाको अंश १.८ प्रतिशत, सिन्धुपाल्चोक जिल्लाको अंश ०.९ प्रतिशत, रामेछाप जिल्लाको अंश ०.६ प्रतिशत र रसुवा जिल्लाको अंश ०.६ प्रतिशत रहेको छ (तालिका ३.४) । बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालयहरुको कर्जा प्रवाह गर्ने सीमा तोकिए बमोजिम हुने भएकाले सो भन्दा बढी रकमको कर्जा केन्द्रीकृत रुपमा काठमाडौं अवस्थित सोही संस्थाका केन्द्रीय कार्यालयबाट प्रवाह हुँदा काठमाडौं जिल्लाको अंश केही बढी रहेको देखिएको छ ।

**बक्स नं. १ दोलखाको गौरीशंकर गाई फार्म**

राष्ट्रिय जनगणना, २०७८ अनुसार दोलखा जिल्ला देशको संघीय राजधानी काठमाडौंबाट १३२ कि.मि. पूर्वमा रहेको छ। यस जिल्लाको कुल क्षेत्रफल २१९१ वर्ग कि.मि. र कुल जनसंख्या १,७२,७६७ रहेको छ। दोलखा जिल्लाको पूर्वमा रामेछाप र सोलुखुम्बु, पश्चिममा सिन्धुपाल्चोक, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा रामेछाप र काभ्रेपलाञ्चोक जिल्ला रहेका छन्। दोलखा जिल्लाका ९ वटा स्थानीय तहमध्ये २ वटा नगरपालिका र ७ वटा गाउँपालिका रहेका छन्। यस जिल्लाको सदरमुकाम चरिकोट बजारमा अवस्थित छ। दोलखा जिल्लाका अधिकांश व्यक्ति कृषि, पशुपालन र सेवा क्षेत्रमा आवद्ध रहेका छन्। आर्थिक गतिविधि अध्ययन सम्बन्धी तथ्याङ्क संकलन गर्ने क्रममा दोलखा जिल्लामा स्थलगत भ्रमण गर्दा भीमेश्वर बजारमा रहेको एक गाई फर्मको स्थलगत अध्ययन गरिएको छ।

गौरीशंकर गाई फार्म प्रा.लि. भीमेश्वर नगरपालिकाको वडा नं. ७ मा अवस्थित छ। उक्त फार्म करिब चार वर्षअघि कम्पनी ऐन अनुसार घरेलु तथा स्थानीय निकायमा दर्ता गरी सञ्चालनमा ल्याएको देखिन्छ। यस फर्मका सञ्चालकले साथीभाइहरुबाट प्रेरित भइ स्वपूजींबाट गाई फार्म सञ्चालन गरेको बताएका छन्। गाई फार्म सञ्चालन गरेको केही समय पछि वाणिज्य बैंकबाट सहुलियतपूर्ण कर्जा लिई उक्त फार्मले २५ रोपनी जग्गामा फार्म विस्तार गरेको देखिन्छ। व्यवसाय विस्तार भएसँगै हाल उक्त फार्ममा ५० वटा गाई (Holstein र Jersey प्रकारका) रहेको र गाईहरूलाई आवश्यक घाँस खेती समेत आफैंले व्यवस्थापन गरेको पाइयो। गाई फार्मले दश जना व्यक्तिलाई रोजगारी दिएको छ।



हाल उक्त फार्मले औसत दैनिक ३५० लिटर दुध उत्पादन गरी आफ्नै दुग्ध डेरी (गौरीशंकर डेरी प्रा.लि.) बाट बेच्ने गरेको पाइयो। गौरीशंकर गाई फार्मको मासिक आम्दानीबाट सञ्चालन खर्च कटौती गरी बाँकी भएको पैसाबाट ऋणको साँवा र व्याज घटाउने, घर खर्च गर्ने र बचत गर्ने गरेको सञ्चालकले बताउनु भयो। गौरीशंकर गाई फार्म प्रा.लि. तथा गौरीशंकर डेरी प्रा.लि.ले स्थानीय क्षेत्रमा दुग्ध पदार्थ उत्पादन, संकलन तथा वितरण समेत गरेर आय आर्जन, रोजगारी सिर्जना तथा पशुपालन व्यावसायिकरणमा योगदान गरेको देखियो। कम धितोमा बैंकले कर्जा दिए अथवा सरकारले प्रदान गर्ने अनुदानको व्यवस्था भए गाई फार्म व्यवसाय अझै विस्तार गर्ने सोचमा रहेको सञ्चालकको भनाइ छ।

*स्रोत : स्थलगत सर्वेक्षण।*

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.६.१ चुनौती

१. यस प्रदेशका पहाडी क्षेत्रहरूमा वर्षेनि हुने बाढी, पहिरो र अन्य प्राकृतिक प्रकोपहरूले बालीनाली, पशुचौपाया, कृषियोग्य जमिन र यातायातमा ठूलो क्षति पुऱ्याउनु, उत्पादनको ढुवानीमा समस्या उत्पन्न हुनाले विपद्हरूको न्यूनीकरण गरी कृषकलाई हुने नोक्सानीलाई कम गर्नु चुनौतीपूर्ण छ ।

२. पहाडी तथा भित्री मधेश क्षेत्रमा पशु तथा बालीनालीमा लाग्ने जुनोटिक र महामारी रोगहरूको प्रभावकारी व्यवस्थापन गर्न प्राविधिक जनशक्ति, औषधि, भ्याक्सिन र कृषकसँग समन्वय गर्ने पर्याप्त संयन्त्रको अभाव रहेको देखिन्छ ।

३. बढ्दो शहर केन्द्रित बसाईसराइलाई रोक्नका लागि गाउँमा कृषि र उद्यमशीलताको विकास गर्दै आय आर्जनका गतिविधिहरू सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

४. कृषि तथा मत्स्य बीमा अनिवार्य रुपमा लागु गरी बीमाको क्षतिपूर्ति सहज र समयमै उपलब्ध गराउन बीमा कम्पनीहरूलाई परिचालन गर्नु चुनौतीपूर्ण छ ।

५. स्थानीय तवरमा उत्पादित कृषि उपजहरूलाई औद्योगिक कच्चा पदार्थका रुपमा प्रयोग गर्ने उद्योगहरूको स्थापना तथा सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

६. माटोको गुणस्तरको आधुनिक तथा सुविधाजन्य प्रयोगशालामा जाँच गर्ने व्यवस्था मिलाउनु चुनौतीपूर्ण छ ।

७. कृषि पूर्वाधारको विकास, कृषि तथा भेटनरी प्राविधिकको सहज उपलब्धता एवम् कृषकदेखि उपभोक्तासम्मको आपूर्ति श्रृंखलालाई प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।

८. जडीबुटी तथा रैथाने बालीहरुको संरक्षण र प्रवर्द्धन गर्दै प्राङ्गारिक उत्पादनमा वृद्धि गरी आन्तरिक र बाह्य बजारमा निर्यात गर्नु चुनौतीपूर्ण छ ।

९. पराल, गोबर, मल, व्यवस्थित चरणक्षेत्र, उन्नत जातका घाँस लगायत कृषकहरूका लागि अत्यावश्यक सामग्रीहरूको मूल्य निर्धारण गरी ती सामग्रीहरू सहज रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउनु चुनौतीपूर्ण छ ।

१०. व्यावसायिक कृषि फार्महरूका लागि उन्नत जातका फलफूल, तरकारीका विउ तथा विरुवाहरूको देशभित्र पर्याप्त आपूर्ति नभएकोले भारत हुदै भित्रने अनधिकृत आयातलाई नियन्त्रण गरि ती सामग्रीहरू देशमै सहज रूपमा उपलब्ध गराउने व्यवस्था गर्नु चुनौतीपूर्ण छ ।

### ३.६.२ सम्भावना

१. दोलखा जिल्लामा दूध, मासु, अण्डा लगायतका कृषिजन्य उत्पादनहरू क्रमशः वृद्धि हुँदै गइरहेका हुनाले स्थानीय स्तरमै बजार सुनिश्चित गर्न सकिने सम्भावना रहेको छ ।

२. हाल कृषि बालीमा सीमित रहेको न्यूनतम समर्थन मूल्यको अवधारणालाई नगदे बालीहरूमा पनि लागू गर्न सकिएको खण्डमा काठमाडौं, भक्तपुर, ललितपुर, चितवन, हेटौंडा लगायतका ठूला बजारमा उत्पादकहरूले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त तथा बजार सुनिश्चितता कायम गर्न सक्ने उच्च सम्भावना रहेको छ ।

३. ठूला तरकारी बजारमा किसानहरुका लागि भण्डारणको व्यवस्था गर्ने र व्यवस्था भएको बजारमा सोको प्रभावकारी कार्यान्वयन गर्न सके उत्पादित तरकारीको सोझै बिक्रीबाट कृषकले उचित मूल्य पाउने सम्भावना रहेको छ ।

४. कृषि उत्पादन र बजारीकरणमा निजी क्षेत्रको लगानी क्रमिक रुपमा बढ्दै जानु, युवा पुस्तामा आधुनिक खेतीप्रति आकर्षण बढ्दै जानु, खाद्यान्न, फलफूल, तरकारी, नगदेवाली, पशुपन्छी एवम् मत्स्य उत्पादनका लागि भौगोलिक तथा हावापानीमा भएको विविधताले यस प्रदेशमा कृषि विकासका सम्भावनाहरू रहेको छन् ।

५. कृषि उपजको बजार यातायात सञ्जालमा जोडिदैं जानु, कृषि उत्पादन खपतका लागि काठमाडौं उपत्यकाजस्ता ठूला बजार एवं शहरी आवादी भएका क्षेत्रहरू प्रशस्त मात्रामा हुनु, चीन र भारत जस्ता ठूला बजारहरूसम्म पहुँच उपलब्ध हुनु, तुलनात्मक लाभ भएका बाली र पशुपन्छी उत्पादन गर्ने सम्भावना रहेको छ ।

६. बागमती प्रदेशमा कृषि अनुसन्धानलाई विशेष प्राथमिकता दिई नेपाल कृषि अनुसन्धान परिषद्लाई (NARC) अनुसन्धानमा आवश्यक सहयोग गरी Post Harvest Technology सम्बन्धी बहुवर्षीय अनुसन्धान र विकासको योजना ल्याउने सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ३३.८ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा त्यस्ता उद्योगहरुको क्षमता उपयोग औसत ४१.० प्रतिशत रहेको थियो । नमुना छनौटमा परेका उद्योगहरुमध्ये जलविद्युत उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ९९.९ प्रतिशत क्षमता उपयोग गरेको छ भने औषधी मध्येको ओइन्टमेन्टको उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् ७.० प्रतिशत रहेको छ ।

समीक्षा अवधिमा नमुना छनौटमा समेटिएका उद्योगहरुका उत्पादनमध्ये वियर, हल्का पेय पदार्थ, बिजुली, पशुदाना तथा चुरोट उत्पादन गर्ने उद्योगहरुको उत्पादन बढेको छ भने प्रशोधित दुध, सिमेन्ट, ट्याब्लेट, क्याप्सुल, ड्राईसिरप, लिक्विड, ओइन्टमेन्ट, चाउचाउ, रंग, गार्मेन्ट, कपडाको जुत्ता, इँटा, ट्रान्सफर्मर उत्पादन गर्ने उद्योगहरुको उत्पादन घटेको छ ।

समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुले ७,०९७ स्वदेशी र १२८ विदेशी गरी कुल ७,२२५ जनालाई रोजगारी प्रदान गरेका छन् ।

**चार्ट ४: उद्योगहरुको क्षमता उपयोग**




*स्रोत: नमुना छनौटमा समेटिएका उद्योगहरु ।*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशको औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ३६.६ प्रतिशतले वृद्धि भई रु.११ खर्ब ७९ अर्ब ६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.८ प्रतिशतले बढेर रु.९ खर्ब ७३ अर्ब ५७ करोड पुगेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश २१.७१ प्रतिशत रहेको छ । औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.१० खर्ब ८९ अर्ब ६७ करोड (९२.४ प्रतिशत) कर्जा लगानी रहेको छ । रसुवा जिल्लामा सबैभन्दा कम अर्थात् करिब रु.१३ करोड कर्जा (०.०१ प्रतिशत) लगानी रहेको छ ।

**तालिका ४.१: जिल्लागत औद्योगिक कर्जा**


| जिल्ला | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ७३२.१० | ०.०६ |
| सिन्धुपाल्चोक | ३५६.३२ | ०.०३ |
| रसुवा | १३१.८४ | ०.०१ |
| धादिङ | २,१०६.१३ | ०.१८ |
| नुवाकोट | १,६६५.०१ | ०.१४ |
| काठमाडौं | १,०८९,६६९.२६ | ९२.४२ |
| भक्तपुर | ७,७७१.४२ | ०.६६ |
| ललितपुर | २७,०८३.०० | २.३० |
| काभ्रेपलाञ्चोक | ४,६२७.६४ | ०.३९ |
| रामेछाप | ५६९.८८ | ०.०५ |
| सिन्धुली | १,३६२.५४ | ०.१२ |
| मकवानपुर | ८,८०१.०५ | ०.७५ |
| चितवन | ३४,१८५.३५ | २.९० |
| जम्मा | १,१७९,०६१.५३ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८० पुस मसान्तको तुलनामा २०८१ पुस मसान्तमा प्रवाहित औद्योगिक कर्जा मध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (३३.५ प्रतिशतले) वृद्धि भएको छ । विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा २९.९ प्रतिशतले, निर्माण उद्योगमा १८.५ प्रतिशतले, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा १३.६ प्रतिशतले र खानी सम्बन्धी उद्योगमा १३.५ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा प्रवाहित कर्जा ७.८ प्रतिशतले घटेको छ ।

कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्याँस तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी (३४.१ प्रतिशत) रहेको छ भने सबैभन्दा कम कर्जा विस्तार खानी सम्बन्धी उद्योगमा (०.७ प्रतिशत) रहेको छ । त्यसैगरी, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३३.८ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा १५.३ प्रतिशत, निर्माण उद्योगमा १२.५ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ३.७ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**चार्ट ५: औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ४.३.१ चुनौती

१. २०८१ असोज महिनामा निरन्तर वर्षाका कारण बाढी र पहिरोले सडक पूर्वाधारमा क्षति पुग्दा कच्चा पदार्थ ढुवानी र उत्पादित बस्तुको बजारीकरणमा समस्या उत्पन्न भई उद्योगहरुको सञ्चालन खर्च बढेकोले सडकहरुको समयमै पुनर्निर्माण/स्तरोन्नती गरी गरी ढुवानी सहज बनाउनु चुनौतीपूर्ण छ ।

२. विदेश पलायन हुने युवाहरुको संख्या उल्लेख्य रहनु, आर्थिक गतिविधि अपेक्षाकृत रुपमा हुन नसक्नु, दक्ष जनशक्ति, कच्चा पदार्थ र बजारको अभाव लगायतका कारणबाट समष्टिगत माग अपेक्षित रुपमा बढन नसकेको अवस्थामा सुधार ल्याउनु आवश्यक देखिन्छ ।

३. ठूला शहरहरुमा रहेका औद्योगिक क्षेत्रहरुमा फोहोर व्यवस्थापन कठिन रहेकोले प्रस्तावित औद्योगिक क्षेत्रहरुमा साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गर्नु चुनौतीपूर्ण छ ।

४. विश्वबजारमा आपूर्तिमा असहजता र करका प्रावधानहरु लगायतका व्यवधानले कतिपय निर्यातजन्य उद्योगहरुको निकासीमा अन्यौलता देखिएकोले त्यस्ता उद्योगहरुको स्थायित्व चुनौतीपूर्ण छ ।

### ४.३.२ सम्भावना

१. ब्याजदर घटिरहेको अवस्थामा उद्योग व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन र रोजगारी बढ्न सक्ने देखिन्छ ।

२. पूर्वाधार निर्माणको कामलाई द्रुततर गतिमा अगाडि बढाउन सकेमा फलाम, सिमेन्ट, इट्टा लगायतका निर्माण सम्बन्धी उद्योगहरुको कारोबार बढ्न सक्ने देखिन्छ ।

३. विदेशबाट फर्किएका नेपालीहरुको सीप अनुसारको व्यवसाय सञ्चालनमा प्रोत्साहित गरी उत्पादन र रोजगारी अभिवृद्धि हुन सक्ने सम्भावना रहेको छ ।

४. यस प्रदेशमा हिमाली भेगको पानी र जडिबुटी प्रशोधन/ब्राण्डिङ्ग गरी विक्री वितरण गर्ने निर्यात उद्योगहरुको क्षमता विस्तार तथा थप उद्योग स्थापना गरी निर्यात गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

५. कागज, प्लाष्टिक, ब्याट्रीको लिड, फलाम लगायतका स्क्रायाप संकलन गरी व्यवस्थापन गर्ने तथा त्यस्ता स्क्रायापलाई कच्चा पदार्थ बनाई उत्पादन गर्ने उद्योगलाई ग्रिन उद्योगको मान्यता दिई स्थापना तथा सञ्चालनमा प्रोत्साहित गर्ने र स्थानीय तहबाट पनि त्यस्ता उद्योगहरुलाई करमार्फत् सहुलियत दिन सकिएमा यस्ता उद्योग स्थापना भई शहरी फोहोर व्यवस्थापन सहज हुने सम्भावना रहेको छ ।


६. बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जाको ब्याजदर घटिरहेको अवस्थामा स्थानिय स्रोत र साधनको प्रयोग गर्ने साना तथा मझौला उद्योगहरुलाई कर्जा प्रवाह विस्तारलाई प्रोत्साहित गर्नु तथा कर्जाको उत्पादनशील उपयोग बढाउने सम्भावना रहेको छ ।

# परिच्छेद ५ : सेवा क्षेत्र

## ५.१ पर्यटन

२०८१ साउनदेखि पुस मसान्तसम्ममा अध्ययनमा समेटिएका होटलहरुको औसत क्षमता उपयोग (अकुपेन्सी रेट) ५१.४ प्रतिशत रहेको छ। २०८० साउनदेखि पुस मसान्तसम्ममा यस्तो क्षमता उपयोग औसतमा ५०.६ प्रतिशत रहेको थियो। त्यसैगरी, २०८१ साउनमा ४२.४ प्रतिशत रहेको होटलको क्षमता उपयोग २०८१ पुसमा ४४.७ प्रतिशत पुगेको छ।

**चार्ट ६ : बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी (प्रतिशत)**




*स्रोत: सर्वेक्षण क्षेत्रका होटलहरु (२०८१)।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ६.८ प्रतिशतले घटेको छ। गत वर्षको सोही अवधिमा सो संख्या १०.८ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ८.८ प्रतिशतले बढेर रु.६ अर्ब १ करोड कायम भएको छ (तालिका ५.१)। गत वर्षको सोही अवधिमा यस्तो राजस्व २.३ प्रतिशतले घटेर रु.५ अर्ब ५३ करोड कायम भएको थियो। त्यसैगरी, समीक्षा अवधिमा घर/भवन नक्सापास संख्या २३.७ प्रतिशतले बढेको छ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | २०८० पुस | २०८१ पुस |
|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन संख्या | ४६१४१ | ४३०१४ |
| घर/भवन स्थायी नक्सा पास संख्या[1] | ५१५४.०० | ६३७७.०० |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | ५५३३.३१ | ६०१७.९५ |

*स्रोत : भूमि व्यवस्था तथा अभिलेख विभाग, महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय।*
*१ घर/भवन स्थायी नक्सा पास संख्याको तथ्याङ्क बागमती प्रदेशका ३६ वटा स्थानिय तहमा आधारित।*

**बक्स नं. २: इन्द्र सरोवर एक आकर्षक पर्यटकीय स्थल**

बागमती प्रदेशको मकवानपुर जिल्लामा अवस्थित अत्यन्तै सुन्दर इन्द्र सरोवर ताल काठमाडौंबाट करिब ४० किलोमिटर टाढा रहेको मानवनिर्मित ताल हो । नेपालको एकमात्र जलाशययुक्त जलविद्युत आयोजनाको रुपमा परिचित कुलेखानी जलविद्युत आयोजना यसै तालमा आधारित भएर निर्माण गरिएको हो । विद्युतीय उत्पादन गर्ने मुख्य उद्देश्यले निर्मित उक्त ताल पर्यटकीय गन्तव्यको रुपमा विकसित हुदै गएको छ ।



*सौजन्य: रचना पाण्डे*

बाह्रै महिना घुम्न सकिने इन्द्र सरोवर तालमा मुख्यतया चैतदेखि जेठ र असोजदेखि मंसिरसम्मको समयमा आन्तरिक र बाह्य पर्यटकहरुको भिड लाग्ने गरेको छ । काठमाडौंबाट नजिक र सहजरुपमा पुग्न सकिने यो ताल प्रकृतिप्रेमीहरूका लागि उपयुक्त गन्तव्यको रुपमा स्थापित रहेको छ । यस क्षेत्रको विकास तथा विस्तारका लागि निजी तथा स्थानीयस्तरको सहकार्यबाट पर्यटकीय पूर्वाधारको विकास तथा विविध पर्यटकीय गतिविधिहरू (जस्तैः डुङ्गा सयर) सञ्चालनमा रहेका छन् । शान्त वातावरण र प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो ताल काठमाडौं उपत्यकाको कोलाहल र तनावबाट मुक्त हुन उपयुक्त स्थानको रुपमा परिचित हुन थालेको छ ।

इन्द्र सरोवर तालको वरिपरि रहेका स्थानीय होटल, रेष्टुरेन्ट तथा होमस्टेहरुले स्थानीयस्तरबाट उत्पादित कृषि उपजबाट तयार गरिएका परिकार एवम् ताजा माछाका विभिन्न परिकारहरले समेत पर्यटकहरुलाई आकर्षित गर्ने गरेको पाइन्छ । काठमाडौंबाट फर्पिङ, सिस्नेरी, चित्लाङ हुँदै पुग्न सकिने यो ताल पदयात्रा (चित्लाङ-मार्खु-कुलेखानी-फर्पिङ) को आकर्षक स्थलको रुपमा समेत विकास हुदै गएको छ । यस तालको विकास, प्रवर्द्धन, संवर्द्धन तथा प्रचारप्रसारमार्फत स्थानीयको जिवनयापनमा पनि सकारात्मक परिवर्तन आउने देखिन्छ ।

*स्रोत : स्थलगत सर्वेक्षण ।*

## ५.३ वित्तीय सेवा

बागमती प्रदेशमा आर्थिक वर्ष २०८१ पुस मसान्तसम्ममा वाणिज्य बैंकका १ हजार ८ सय ४१, विकास बैंकका ३ सय ३५, वित्त कम्पनीका १ सय ९ र लघुवित्त वित्तीय संस्थाका ७ सय ५५ गरी जम्मा ३ हजार ४० शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी (१ हजार २ सय ३) तथा रसुवा जिल्लामा सबैभन्दा कम (५२) शाखा सञ्चालनमा रहेका छन् (तालिका ५.२) ।


**तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत विवरण**

| जिल्ला | २०८० पुस | २०८१ पुस |
|---|---|---|
| दोलखा | ६५ | ६६ |
| सिन्धुपाल्चोक | ९६ | ९६ |
| रसुवा | ५२ | ५२ |
| धादिङ | १५० | १५२ |
| नुवाकोट | ११७ | ११६ |
| काठमाडौं | ११९३ | १२०३ |
| भक्तपुर | १७० | १७३ |
| ललितपुर | ३१२ | ३१९ |
| काभ्रेपलाञ्चोक | १९० | १८६ |
| रामेछाप | ५५ | ५६ |
| सिन्धुली | ११३ | ११२ |
| मकवानपुर | १६० | १५८ |
| चितवन | ३५७ | ३५१ |
| **जम्मा** | **३०३०** | **३०४०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०८० पुस मसान्तको तुलनामा ७.९ प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा रु.४४ खर्ब ७४ अर्ब ६० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ११.८ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ७ : निक्षेप तथा कर्जा स्थिति (रु.खर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८० पुस मसान्तको तुलनामा १९.३ प्रतिशतले वृद्धि भई रु.३२ खर्ब २० अर्ब ८० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ०.६ प्रतिशतले वृद्धि भएको थियो। २०८१ पुस मसान्तमा कर्जा निक्षेप अनुपात ७१.९ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अनुपात ६५.५ प्रतिशत रहेको थियो ।

## ५.४ यातायात

२०८१ साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी साधन दर्ता संख्या ५९ हजार २ सय ३६ रहेको छ । यसमध्ये मोटरसाईकल संख्या ५६ हजार ६ सय ८७ तथा अन्य सवारी साधन संख्या २ हजार ५ सय ४९ रहेको छ । गत वर्ष साउनदेखि पुस मसान्तसम्ममा बागमती प्रदेशमा सवारी दर्ता संख्या ४१ हजार २ सय ९६ रहेको थियो ।

## ५.५ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा बागमती प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा १९.४ प्रतिशतले बढेर रु.१९ खर्ब २२ अर्ब २० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा २.५ प्रतिशतले घटेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ५९.७ प्रतिशत रहेको छ ।

सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये उपभोग्य क्षेत्रमा सबैभन्दा बढी कर्जा अर्थात् रु.५ खर्ब १९ अर्ब ५९ करोड प्रवाहित भएको छ भने सबैभन्दा कम कर्जा स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा रु ४९ अर्ब ७२ करोड प्रवाहित भएको छ । कुल सेवा क्षेत्र कर्जामध्ये पर्यटन क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी २६.७ प्रतिशतले वृद्धि भएको छ भने यातायात, भण्डारण र संचार क्षेत्रमा सबैभन्दा कम १६.७ प्रतिशतले ह्रास आएको छ । वित्त, बीमा तथा अचल सम्पत्ति र उपभोग्य कर्जामा समान २३.५ प्रतिशतले वृद्धि भएको छ भने अन्य, रियल स्टेट, थोक तथा खुद्रा विक्रेता, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी, अन्य सेवा क्षेत्रमा क्रमशः २२.६ प्रतिशत, २०.२ प्रतिशत, १७.७ प्रतिशत, १६.६ प्रतिशत, १६.३ प्रतिशत र १०.७ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ५.३: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ४,९१३.३६ | ०.२६ |
| सिन्धुपाल्चोक | ५,२९४.०२ | ०.२८ |
| रसुवा | २,०१९.७७ | ०.११ |
| धादिङ | २२,८५१.१३ | १.१९ |
| नुवाकोट | १४,२८२.६७ | ०.७४ |
| काठमाडौं | १,४५१,१२२.५४ | ७५.४९ |
| भक्तपुर | ५६,८८१.२९ | २.९६ |
| ललितपुर | १३७,०३२.५० | ७.१३ |
| काभ्रेपलाञ्चोक | ४३,४६५.९३ | २.२६ |
| रामेछाप | ३,६७४.५५ | ०.१९ |
| सिन्धुली | १०,४५५.०४ | ०.५४ |
| मकवानपुर | ४६,४३२.२९ | २.४२ |
| चितवन | १२३,७८१.४१ | ६.४४ |
| **जम्मा** | **१,९२२,२०६.५०** | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७५.५ प्रतिशत) र रसुवा जिल्लाको अंश सबैभन्दा कम (०.१ प्रतिशत) रहेको छ (तालिका ५.३) ।

## ५.६ सहकारी

समीक्षा अवधिमा यस प्रदेशका नमूना अध्ययन छनौटमा समेटिएका ८ वचत तथा ऋण सहकारी संस्थाहरुको २०८१ पुस मसान्तसम्म कुल पुँजी रु.९ अर्ब ६४ करोड रहेको छ । त्यसैगरी, यी सहकारी संस्थाहरूमा रहेको कुल बचत रकम २०८० पुस मसान्तको तुलनामा ४.५ प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा रु.१२ अर्ब ९३ करोड पुगेको छ । पछिल्लो समय वचत तथा ऋण सहकारी संस्थाहरुको सञ्चालन र व्यवस्थापनमा देखिएका विभिन्न प्रकारका समस्याहरुका कारणले समीक्षा अवधिमा कुल ऋण भने ०.८ प्रतिशतले ह्रास भई रु.१० अर्ब ९ करोड पुगेको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुमा २०८१ पुस मसान्तसम्म कुल ८२,६६० सदस्यहरु र कुल १८३ जना कर्मचारीहरु रहेका छन् । समीक्षा अवधिमा छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या १६.१ प्रतिशतले घटेको छ ।

**तालिका ५.४ : छनौटमा परेका ८ सहकारी संस्थाहरूको २०८१ पुस मसान्तसम्मको विवरण**


| विवरण | दुई वर्ष अघि आ.व. २०७९/८० (साउन-पुस) | गत अवधि आ.व. २०८०/८१ (साउन-पुस) | समीक्षा अवधि आ.व. २०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु.करोडमा) | ७६९.२३ | ८६६.८९ | ९६४.६३ | १२.७० | ११.२७ |
| कुल बचत (रु. करोडमा) | ११७६.२० | १२३८.२१ | १२९३.८६ | ५.२७ | ४.४९ |
| कुल ऋण (रु. करोडमा) | १०८३.०२ | १०१७.४९ | १००९.१२ | -६.०५ | -०.८२ |
| सदस्य सङ्ख्या | ७९९६७.०० | ८१४७९.०० | ८२६६०.०० | १.८९ | १.४५ |
| कर्मचारी सङ्ख्या | २७२ | २१८ | १८३ | -१९.८५ | -१६.०६ |

*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरू ।*

*छनौटमा परेका अशिम बहुउद्देश्यीय सहकारी र लालीगुराँस सहकारी संस्थाले तथ्याङ्क उपलब्ध नगराएको ।*

**बक्स नं. ३: सौराहा, चितवन राष्ट्रिय निकुञ्जको गेटवे**

राप्ती नदीको किनारमा अवस्थित सौराहा, चितवन राष्ट्रिय निकुञ्ज पर्यटकीय गेटवेको रूपमा विकास हुदै गएको छ । सन् १९७३ मा स्थापित र सन् १९८४ मा यूनेस्को विश्व सम्पदा सुचीमा समावेश चितवन राष्ट्रिय निकुञ्ज जंगल सफारी, राप्ती नदीमा क्यानोइङ, पैदल यात्रा तथा प्राकृतिक र साँस्कृतिक विविधताका लागि प्रसिद्ध छ । बंगाल टाइगर, एक-सींगे गैंडा र घडियाल गोहिको लागि प्रख्यात चितवन राष्ट्रिय निकुञ्ज करिब ९५२ व.मी. क्षेत्रफलमा फैलिएको छ ।




काठमाडौं र पोखराबाट सहजै पुग्न सकिने सौराहा आन्तरिक र बाह्य पर्यटकको आकर्षक गन्तव्यको रुपमा रहेको छ । यस स्थानले चितवन राष्ट्रिय निकुञ्जको हरियाली घासका मैदान र प्राकृतिक सौन्दर्यको परिदृश्य तथा बन्यजन्तु अवलोकनको लागि मनमोहक पृष्ठभूमि प्रदान गर्दछ । थारु समुदायसँगको अन्तर्क्रिया, परम्परागत रीतिरिवाज, सांस्कृतिक प्रदर्शनी, थारु नृत्य र उनीहरूको साँस्कृतिक विरासतलाई नजिकबाट अवलोकन गरी विभिन्न थारु परिकारको अनुभव लिन सौराहा एक उपयुक्त गन्तव्य मानिन्छ ।
सौराहामा पर्यटकीय गतिविधिका लागि उपयुक्त समय भदौदेखि मङ्सिर र फागुनदेखि जेठसम्म हो । यद्यपी, यस स्थान बाह्रै महिना पर्यटकहरुको लागि उपयुक्त गन्तव्यको रुपमा रहेको छ । पर्यटकीय पूर्वाधारको राम्रो विकास भएकाले सौराहा चितवन राष्ट्रिय निकुञ्जको गेटवे मात्र नभई साँस्कृतिक र प्राकृतिक सौन्दर्यले भरिएको रमणीय ठाउँ हो ।

*स्रोत : स्थलगत सर्वेक्षण ।*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.८.१ चुनौती

१. यस प्रदेशका जिल्लाहरुमा पर्यटन गन्तव्यको पहिचान एवम् विकास गरी पर्यटक बसाई लम्ब्याउनु, पर्यटन गन्तव्यको विविधिकरण गर्नु चुनौतीपूर्ण रहेको छ ।

२. पर्यटकीय स्थलहरूमा हाइकिङ/ट्रेकिङ ट्रेलहरुको खोज तथा जगेर्ना, सुविधायुक्त होटल तथा लजको व्यवस्था, फोहोर व्यवस्थापन, हेल्प डेस्क, सार्वजनिक शौचालय, पर्यटक प्रहरी, पर्यटकीय क्षेत्रको डिजिटल नक्सा, द्रुत उद्धार टीम, पर्यटकीय स्थलहरुमा निशुल्क इन्टरनेटको पहुँच तथा २४ सै घण्टा सम्पर्क गर्न सकिने हटलाइन नम्बरको व्यवस्था गर्नु चुनौतीपूर्ण रहेको छ ।

३. अन्तर सम्बन्धित निकायहरूको समन्वय गरी ईन्टरनेट, टि.भी., टेलिफोन लगायतका दुरसञ्चार सेवाका केवल (तार) भूमिगत गर्ने वा एकीकृत रुपमा एउटै तारबाट प्रदान गर्न सकिने व्यवस्था गर्नु चुनौतीपूर्ण रहेको छ ।

४. स्नातकोत्तर तह वा सो भन्दा माथिको अध्यापन हुने क्याम्पसहरुमा अनिवार्य रुपमा अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गरी शैक्षिक जनशक्तिलाई स्वरोजगार र उद्यमशील बनाउनु चुनौतीपूर्ण छ ।

५. सुचना प्रविधिको क्षेत्रलाई नियमन गर्न नियमनकारी संस्थाको स्थापना गरी विकृतिमूलक सन्देश र जानकारी नियन्त्रण गर्ने तथा जिवनोपयोगी र प्रविधि एवम् विज्ञानका तथ्य विवरण तथा जानकारी उपलब्ध हुने व्यवस्था मिलाउनु चुनौतीपूर्ण छ ।

६. काठमाडौं उपत्यकामा निजी क्षेत्रबाट सञ्चालीत शिक्षा र स्वास्थ्य सेवा शुल्क कम गराई सेवा विस्तार गर्नु चुनौतीपूर्ण छ ।

७. बढ्दो श्रमिक पलायनकम गर्न रोजगारीका अवसरहरुको सिर्जना गर्नु चुनौतीपूर्ण छ ।

### ५.८.२ सम्भावना

१. यस प्रदेशमा धार्मिक तथा साहसिक पर्यटन प्रवर्द्धन गर्न सकिने सम्भावना रहेकाले विदेशी पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सकिने सम्भावना रहेको छ ।

२. देशगत रुपमा भित्रिने पर्यटकको विविधीकरण गरी सोही अनुसारको पर्यटन प्याकेज विकास गर्न सके पर्यटक आगमन संख्या र बसाँइ अवधि बढाउन सकिने सम्भावना रहेको छ ।

३. प्रदेशले समय समयमा लगानी सम्मेलन आयोजना तथा Red Carpet Hosting गरी स्वदेशी तथा विदेशी लगानी भित्र्याउन सकिने सम्भावना रहेको छ ।

४. IT क्षेत्रमा द्रुत गतिमा भइरहेको डिजिटल रूपान्तरणको परिप्रेक्ष्यमा IT सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।

५. सार्वजनिक स्थान, सार्वजनिक पार्क, सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, प्रमुख बजार केन्द्र तथा नागरिकको बढी आकर्षण हुने स्थानहरु पहिचान गरी यस्ता स्थानहरुमा सुपथ मूल्यमा High Speed इन्टरनेट प्रदान गरी नागरिक सेवाको गुणस्तर वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

६. सार्वजनिक यातायातमा भाडा भुक्तानीलाई सजिलो बनाउन निशुल्क इन्टरनेट तथा स्क्यान एण्ड पे सुविधा उपलब्ध गराउने तथा सार्वजनिक यातायातमा ट्राभल कार्डबाट भुक्तानी गर्ने व्यवस्था मिलाई सार्वजनिक यातायात व्यस्थापनलाई आधुनिकीकरण गर्ने तथा नगद रहित कारोवारलाई प्रोत्साहित गर्ने सम्भावना रहेको छ ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मुलुकको आर्थिक तथा सामाजिक क्षेत्र रुपान्तरणको लागि पूर्वाधार क्षेत्रको तिब्र विकास अपरिहार्य छ। यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकासमा समेत टेवा पुग्ने देखिन्छ। आर्थिक क्रियाकलापमा तिव्रता ल्याउन राज्यले पूर्वाधार क्षेत्रमा लगानी अभिवृद्धि गर्नुपर्ने विभिन्न अध्ययनहरुबाट समेत देखिएको छ। वागमती प्रदेशमा पूर्वाधार क्षेत्र विकासको लागि मुख्यतया सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालय जस्ता संयन्त्रहरू क्रियाशील रहेका छन्। यस प्रदेशमा रणनीतिक महत्वका पूर्वाधार आयोजनाहरु देहाय बमोजिम रहेका छन्।

### (क) गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुबेसी रसुवागढी सडक योजना

यस योजनाको प्रमुख उद्देश्य ८२ कि.मि. दुई लेनको कालोपत्रे सडक तथा २४ वटा पुल निर्माण गरी गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडकलाई उत्तर दक्षिण जोड्ने प्रमुख अन्तरदेशीय व्यापारिक मार्गको रुपमा विकास गर्ने रहेको छ। राष्ट्रिय गौरवको आयोजनाका रुपमा मान्यता दिइएको यस आयोजनालाई हाल रुपान्तरणकारी आयोजनाका रुपमा वर्गीकरण गरिएको छ। आर्थिक वर्ष २०७२/७३ देखि शुरु भएको उक्त योजना आर्थिक वर्ष २०८३/८४ सम्ममा सम्पन्न गर्नुपर्ने संशोधित लक्ष्य रहेको छ। कुल लागत रु.१५ अर्ब ५० करोड रहेको यस योजनालाई तीन खण्डमा (पहिलो खण्डःगल्छी त्रिशुली-मैलुङ्ग, दोस्रो खण्डःमैलुङ्ग-स्याफ्रुबेसी र तेस्रो खण्डःस्याफ्रुबेसी-रसुवागढी) विभाजन गरी निर्माण कार्य अघि बढिरहेको छ। पहिलो र दोस्रो खण्डको कार्य सुचारु भइसकेकोमा दोस्रो खण्डको ठेक्का व्यवस्थापनमा समस्या देखिएको छ। तेस्रो खण्डको निर्माणको लागि ठेक्का हुने चरण रहेको छ। सडक विभागका अनुसार हालसम्म आयोजनाको भौतिक प्रगति ६०.१ प्रतिशत र वित्तीय प्रगति ५९.६ प्रतिशत रहेको छ। यसमध्ये १७ वटा पुल निर्माण भइसकेको र ३७.५ कि.मि. सडक कालोपत्रे भइसकेको छ। उक्त सडक निर्माणपश्चात् चीनसँग व्यापार आवद्धता बढ्ने र पर्यटकीय गतिविधि प्रर्वद्धन हुने अपेक्षा रहेको छ।

### (ख) बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना

नेपालमा अधिकांश जलविद्युत परियोजनाहरू Run of River (RoR) मा आधारित भएकाले हिउँदको समयमा विद्युत उत्पादनमा कमी आउने हुँदा सुख्खा याममा समेत जलविद्युत उत्पादन गरी नियमित विद्युत आपूर्ति गर्ने उद्देश्यका साथ १२०० मेगावाट क्षमताको बुढिगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण गर्न लागिएको हो। बागमती र गण्डकी प्रदेशको धादिङ र गोरखा जिल्लामा अवस्थित यस आयोजना आ.व २०६९/७० देखि शुरु भएको हो। रु.३ खर्ब ९८ अर्ब लागत रहेको उक्त आयोजना आ.व. २०८५/८६ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजना निर्माण सम्पन्न भएपश्चात वार्षिक ३३८३ गिगावाट घण्टा विद्युत उत्पादन भई नियमित विद्युत आपूर्तिमा सुधार आउनुका साथै ऊर्जा व्यापारमा समेत सहयोग पुग्नेछ। आयोजनाको हालसम्मको भौतिक प्रगति अन्तर्गत जग्गाको मुआब्जा वितरण कार्य भइरहेको छ।

### (ग) सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुनकोशी मरिन डाइभर्सन आयोजनाको मुख्य उद्देश्य सुनकोशी नदीको पानी मरिन खोलामा झारी बागमती सिँचाइ योजनाको सिञ्चित क्षेत्र सहित बारा, रौतहट, धनुषा, महोत्तरी र सर्लाही जिल्लाहरूमा समेत गरी कुल १,२२,००० हेक्टर जमिनमा वर्षैभरी सिँचाई सेवा उपलब्ध गराउनुका साथै २८

मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०७३/७४ देखि शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.४६ अर्ब १९ करोड रहेको छ । आयोजनाको हालसम्मको भौतिक प्रगति ३४.४ प्रतिशत रहेको छ जस अन्तर्गत Tunnel Boring Machine (TBM) बाट १३.३ कि.मि. सुरुङ खन्ने काम सम्पन्न भएको छ ।

### (घ) काठमाडौ-तराई मधेस द्रुतमार्ग

देशको संघीय राजधानीलाई तराई मधेससँग जोडी छोटो दुरीमा (७०.९८ कि.मी) यात्रा तथा ढुवानी सहज बनाउने उद्देश्य सहित आर्थिक वर्ष २०७३/७४ देखि काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यान्वयनमा ल्याइएको हो । एशियन हाइवे स्ट्यान्डर्डको (Class A, Four Lane) रुपमा निर्माण गरिने उक्त आयोजना आर्थिक वर्ष २०८५/८६ सम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ । ७ वटा सुरुङ मार्ग र ८९ वटा पुल सहितको यस द्रुतमार्गको निर्माण पश्चात् काठमाडौंबाट निजगढसम्मको यात्रा करिब १ घण्टामै तय गर्न सकिनेछ । उक्त द्रुतमार्गको अनुमानित संशोधित लागत रु.२ खर्ब ११ अर्ब ९३ करोड रहेको छ । आर्थिक वर्ष २०८१/८२ का लागि रु.२२ अर्ब ५४ करोड खुद बजेटको रुपमा छुट्याइएकोमा पुस मसान्त सम्ममा रु.५ अर्ब ३१ करोड (४.२ %) बजेट खर्च भएको छ । यस आर्थिक वर्षको पुस मसान्तसम्मको वित्तीय प्रगति २३.६ प्रतिशत रहेको छ । हालसम्म यस आयोजनाको भौतिक प्रगति अन्तर्गत ३४२२ मिटर सुरुङ खन्ने काम सम्पन्न भएको छ भने लेनन डाँडा सुरुङ्ग ३.२४ कि.मि. तथा निजगढ काठमाडौंतर्फको १.६५ कि.मि. लम्बाई सुरुङ्गको ब्रेक थ्रु भएको छ । आयोजना अन्तर्गतका ८९ वटा पुलहरुमध्ये ५० वटा पुलहरुको फाउन्डेशन निर्माण सम्पन्न भई ५ वटा पुलहरु निर्माण सम्पन्न भएका छन् ।

**बक्स नं. ४ : नागढुंगा नौविसे सुरुङ मार्ग**

संघीय राजधानी काठमाडौं भित्रिने मुख्य नाका थानकोटको सडक मार्गको विकल्पको रुपमा नागढुंगा नौविसे सुरुङ्गमार्ग निर्माण गर्न थालिएको हो । हाल निर्माणको अन्तिम चरणमा पुगेको उक्त सुरुङ्गमार्गको पूर्वपट्टी २.३०७ कि.मि. लामो सडक पहुँच भएर २.६८८ कि.मि. लामो सुरूङ्गमार्ग निर्माण र पश्चिमपट्टि ५६५ मि. लामो सडक निर्माण गरी थानकोटको दहचोकबाट धादिङ्गको सिस्ने खोलासम्मको सडक दुरी कम गराई आवागमन सहज बनाउने उक्त सुरुङ्गमार्गको लक्ष्य रहेको छ । सुरूङ्गमार्ग को कुल अनुमानित लागत रु.१७.०९ अर्ब (मुआब्जा बाहेक) रहेको छ । चौडाइ ९.५ मिटर र उचाई ५ मिटर रहेको यस सुरुङ्गमार्ग अन्तर्गत ३.५ मिटरका दुइवटा लेन र १.५ मिटर चौडाइको इमर्जेन्सी ट्रयाक रहको छ ।

जापान सहयोग नियोग (जाइका) को सहुलियत ऋणमा निर्माण हुदैं गरेको यस सुरुङमार्गको निर्माण पश्चात् काठमाडौं प्रवेश गर्न २३ मिनेट र बाहिरिन १४ मिनेट समय बचत हुने तथा सवारी दुर्घटनामा ५० प्रतिशत कमी हुने आँकलन गरिएको छ । आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म सुरुङ मार्गको कुल भौतिक प्रगति ८४.९६ प्रतिशत र कुल वित्तीय प्रगति ७६.६८ (मोविलाइजेशन सहित) प्रतिशत रहेको छ । आ.व. २०८१/८२ को पुस मसान्तसम्म मुख्य सुरुङ २६८८ मिटर (खन्ने काम) र इभ्याकुएसन सुरूङ २५५७ मिटर (खन्ने काम) सम्पन्न भएको छ ।

*स्रोत: नागढुंगा सुरुङमार्ग निर्माण आयोजना ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

१. बाढी पहिरोबाट क्षति पुगेका काठमाडौं भित्रिने मुख्य सडकहरु जस्तै बीपी राजमार्ग, काठमाडौं-सिस्नेरी-हेटौंडा सडक खण्ड र कान्ति लोकमार्गको तत्काल मर्मतसम्भार/स्तरोन्नति गरी स्थायी रुपमा सञ्चालनमा ल्याउन चुनौतीपूर्ण छ।

२. १५.८ कि.मि. लामो सूर्यबिनायक-धुलिखेल सडकखण्डको स्तरोन्नती कार्य सुस्त गतिमा भईरहेकाले यस क्षेत्रमा यातायात व्यवस्थापनमा समस्या रहेको छ। यस कार्यबाट धुलिखेल लगायतका पर्यटकीय स्थलहरुमा पर्यटकीय गतिविधिमा नकारात्मक असर पर्न थालेकोले यस आयोजनालाई यथाशिघ्र सम्पन्न गर्नु आवश्यक देखिन्छ।

३. राष्ट्रिय महत्वका सडक सञ्जालको निर्माण तथा विस्तार समयमै सम्पन्न हुने गरी कार्य व्यवस्थित गर्नु चुनौतीपूर्ण छ।

४. योजनाहरूको छनौट Ad-hoc Basis मा नगरी Project Bank मार्फत योजना छनौट गरी DPR (Detailed Project Report) Safeguard सहितको तयारी गरेर मात्र बहुवर्षीय योजनाहरू छनौट गरी समयमै कार्यान्वयन गर्नु चुनौतीपूर्ण छ।

५. अवैज्ञानिक तवरले खनिएका सडक र ट्र्याकले निम्त्याउने सवारी दुर्घटना, वातावरणीय जोखिम र मानवीय क्षति न्यूनीकरण गर्नु चुनौतीपूर्ण रहेको छ।

६. पूर्वाधार निर्माण तथा विस्तार कार्यमा फितलो अनुगमन प्रणालीका कारण गुणस्तरीय काम हुन नसक्नु चुनौतीपूर्ण छ।

### ६.२.२ सम्भावना

१. निजी र सरकारी दुवै क्षेत्रलाई जलाशययुक्त विद्युत परियोजना र सौर्य परियोजनाहरुमा लगानी गर्न आकर्षित गराई त्यस्तो ऊर्जा उत्पादन बढाउन सकेमा Run of River (RoR) प्रकारका जलविद्युत परियोजनाहरुमा निर्भरता कम गर्न सकिने सम्भावना रहेको छ।

२. पूर्वाधार क्षेत्रमा लगानीको स्रोत सुनिश्चित गरी विनियोजित बजेटलाई तोकिएको समयावधि भित्रै परियोजना सम्पन्न गर्न सके उचित प्रतिफल लिन सकिने सम्भावना रहेको छ।

३. आयोजना र आयोजना स्थलको छनौट, स्रोत साधनको आवश्यकता, जग्गा अधिग्रहण र मुआब्जा वितरण कार्य गर्ने विषय विज्ञ, सम्बन्धित मन्त्रालयका प्राविधिक पदाधिकारी, स्थानीय जनप्रतिनिधि र आयोजना प्रभावित समूह समेतको सहभागिता रहने गरी संयन्त्र खडा गरेमा र स्थानीय स्तरबाट हुने अवरोधलाई रोक्न सकेमा पूर्वाधार निर्माण कार्यलाई तिब्र गति दिन सकिने सम्भावना रहेको छ।

४. महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुको कार्ययोजनामा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको हुनाले भौतिक पूर्वाधार निमार्णले गति लिनसक्ने सम्भावना रहेको छ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस प्रदेशमा आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्म नुवाकोट जिल्लामा सबैभन्दा बढी (८९ वटा) र धादिङ जिल्लामा सबैभन्दा कम (८ वटा) आयोजनाहरू सञ्चालनमा रहेका छन्। २०८१ पुस मसान्तसम्ममा भक्तपुर जिल्लाका युवाहरूले सबैभन्दा बढी दिन रोजगारी प्राप्त गरेको देखिन्छ भने दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, काठमाडौं, ललितपुर र रामेछापमा यस्तो कार्यक्रमबाट रोजगारी बढेको देखिदैन। कुल सूचीकृत बेरोजगारको संख्या सबैभन्दा बढी दोलखा जिल्लामा रहेको छ भने सबैभन्दा कम रसुवा जिल्लामा रहेको छ (तालिका ६.१)।

**तालिका ६.१: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्लागत रोजगारीको विवरण (२०८१ पुस मसान्तसम्म)**

| जिल्ला | आयोजना संख्या | सूचीकृत बेरोजगार संख्या | कुल रोजगारी प्राप्त संख्या | कुल रोजगारी दिन |
|---|---|---|---|---|
| दोलखा | ६६ | १६५१४ | ० | ० |
| सिन्धुपाल्चोक | ६१ | १२५४६ | ० | ० |
| रसुवा | २५ | ८३४ | ० | ० |
| धादिङ | ८ | १०३४८ | ० | ० |
| नुवाकोट | ८९ | ६६८० | ६५ | ५५९३ |
| काठमाडौं | १७ | २८१२ | ० | ० |
| भक्तपुर | १८ | १४१४ | ८५ | २५१४ |
| ललितपुर | ३६ | ३५७५ | ० | ० |
| काभ्रेपलाञ्चोक | ५६ | ७८९५ | ११ | ४५१ |
| रामेछाप | ४० | ६६०० | ० | ० |
| सिन्धुली | २८ | १२५५० | ४८ | ४१८४ |
| मकवानपुर | ११ | ६७९७ | १ | ९२ |
| चितवन | १७ | ३२८४ | १८ | १५९१ |
| **जम्मा** | **४७२** | **९१८४९** | **२२८** | **१४४२५** |

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रम, २०८१ ।*

## वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागका अनुसार बागमती प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या आर्थिक वर्ष २०८०/८१ को ६ महिनाको तुलनामा आर्थिक वर्ष २०८१/८२ को ६ महिनामा १३.५ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा वैदेशिक रोजगारीको श्रम स्वीकृति लिनेको संख्या ५.९ प्रतिशतले घटेको थियो ।

**तालिका ६.२: जिल्लागत वैदेशिक रोजगारी श्रम स्वीकृतिको विवरण**

| जिल्ला | आ.व २०७८/७९ साउन-पुस | आ.व २०७९/८० साउन-पुस | आ.व २०८०/८१ साउन-पुस | आ.व २०८१/८२ साउन-पुस |
|---|---|---|---|---|
| दोलखा | २१७२ | ३५३३ | ३१८२ | ३६०६ |
| सिन्धुपाल्चोक | ४०९० | ६१८४ | ५४४३ | ६२२७ |
| रसुवा | ५०९ | ६९४ | ६८२ | ८०७ |
| धादिङ | ४१९८ | ६६११ | ५९३३ | ६७४७ |
| नुवाकोट | ३७१७ | ५३३० | ५०४५ | ५७३४ |
| काठमाडौं | ३२२१ | ४००७ | ४२६० | ४८११ |
| भक्तपुर | ७९३ | १७५९ | १६५५ | २२११ |
| ललितपुर | १४३१ | १८९५ | २११३ | २४४२ |
| काभ्रेपलाञ्चोक | ४१८३ | ६५०१ | ५७३८ | ६३२४ |
| रामेछाप | २४८८ | ३९२७ | ३५७३ | ४०५२ |
| सिन्धुली | ३५५२ | ५७१५ | ४८४७ | ५१६० |
| मकवानपुर | ४६०४ | ७२१८ | ६६५० | ७३८६ |
| चितवन | ६४५२ | ८०८९ | ८७०९ | १०११० |
| **कुल** | **४१४१०** | **६१४६३** | **५७८३०** | **६५६१७** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८१ ।*

बागमती प्रदेशमा वैदेशिक रोजगार विभागबाट २०८१ साउनदेखि पुससम्म कुल ६५ हजार ६ सय १७ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ। यस ६ महिनाको अवधिमध्ये मंसिर महिनामा सबैभन्दा बढि १३ हजार ४ सय ७ जनालाई र असोज महिनामा सबैभन्दा कम ८ हजार ८ सय १३ जनालाई श्रम स्वीकृति प्रदान गरिएको छ। गत वर्षको सोही अवधिमा वैदेशिक रोजगारीको लागि जम्मा ५७ हजार ८ सय ३० जनालाई स्वीकृति प्रदान गरिएको थियो (तालिका ६.२) ।

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

१. आय आर्जनसँगै अध्ययन गर्न सकिने अवसरहरु सिर्जना गर्न रोजगारमुखी सीप र तालिम प्रदान गर्ने कार्य चुनौतीपूर्ण छ ।

२. ठूलो संख्यामा युवाशक्ति विदेश पलायन हुनाले नेपालले जनसांख्यिक लाभ लिने कार्य चुनौतीपूर्ण छ ।

३. कृषि तथा गैरकृषि लगायतका उत्पादनशील क्षेत्रमा न्यून लगानीका कारण आवश्यक मात्रामा रोजगारीका अवसरहरु सिर्जना गर्ने कार्य चुनौतीपूर्ण छ ।

४. नेपालमा उपलब्ध सिमित श्रमशक्ति सीपयुक्त नहुँदा कृषि तथा उद्योग क्षेत्रको समग्र उत्पादकत्वमा वृद्धि ल्याउनु चुनौतीपूर्ण छ ।

५. लगानीकर्ताको मनोबल बढाई उद्योग तथा व्यवसाय सञ्चालन गर्न नीतिगत, कानुनी, प्रक्रियागत तथा संरचनागत सुधार गर्ने कार्य चुनौतीपूर्ण छ ।

### ६.४.२ सम्भावना

१. उद्यमशील युवाहरुले सरकारद्वारा प्रदान गरिने सुविधा तथा सहुलियत पाएमा नवप्रवर्तन तथा स्वरोजगारलाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको छ ।

२. निजी संघ-संस्थामा कार्यरत श्रमिकहरूको न्यूनतम तलबमान कम्तिमा श्रम ऐनमा उल्लेख भएबमोजिम भएमा तथा समयानुकूल अद्यावधिक गर्ने गरेमा श्रमिकहरूलाई स्वदेशमै टिकाउन सकिने सम्भावना देखिन्छ ।

३. विभिन्न देशसँग द्विपक्षीय तथा बहुपक्षीय समझदारी गरी काठमाडौं उपत्यका लगायत अन्य ठूला शहरहरुमा कृषि तथा कृषिमा आधारित उद्योग, पर्यटन तथा सूचना प्रविधि लगायत क्षेत्रमा प्रशस्त लगानी आकर्षित गरी युवाशक्तिलाई स्वदेशमै रोजगार दिलाउन गर्न सकिने सम्भावना छ ।

४. युवासँग रहेको ज्ञान, पुँजी र प्रविधिलाई जोड्न यस प्रदेश अन्तर्गतका विभिन्न तहका संघ/संस्थाले मध्यकालीन तथा दीर्घकालीन योजना बनाई रोजगारी सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिने देखिन्छ ।

५. बैंकिङ सेवा, सूचना तथा सञ्चार माध्यम, इन्टरनेट, मोबाइल लगायतमा युवाहरुको आकर्षण र पहुँच राम्रो रहेकोले Application Development, ई-लर्निङ, ई-कन्सल्टेन्सी, ई-लाइब्रेरी लगायतका प्रविधिमैत्री सेवाको विस्तार गरी रोजगारी सृजना गर्न सकिने देखिन्छ ।

६. फरक प्रकृतिका कामको सम्मान गर्ने संस्कृति बसाली युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण सृजना गरी रोजगारी वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेदः ७ प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ बागमती प्रदेशको सरकारी वित्त स्थिति

१. बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि कुल रु.६४ अर्ब ५३ करोड बजेट विनियोजन गरेकोमा २०८१ पुस मसान्तसम्म कुल रु.१० अर्ब ५० करोड खर्च भएको छ । उक्त रकम  कुल विनियोजनको १६.३ प्रतिशत रहेको छ ।

२. आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म नेपाल सरकारबाट बागमती प्रदेश सरकारले सःशर्त, समपूरक, वित्तीय समानिकरण र विशेष अनुदान गरी जम्मा रु. ५ अर्ब ४६ करोड अनुदान प्राप्त गरेको छ । यो रकम अनुमानित अनुदान (रु.१५ अर्ब ५७ करोड) को ३५.१ प्रतिशत रहेको छ ।

३. चालु आर्थिक वर्षको अर्धबार्षिक समिक्षा अवधिसम्म बागमती प्रदेश सरकारले राजस्व बाँडफाँड र रोयल्टी बापत जम्मा रु. १० अर्ब ५० करोड प्राप्त गरेको छ ।

४. बागमती प्रदेश सरकारले आफ्नै स्रोतबाट करिब रु.१ अर्ब ८० करोड राजस्व परिचालन गरेको छ ।

## ७.२ प्रदेशगत सरकारी खर्च

आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशका अनुसार आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्म बागमती प्रदेश सरकारको रु.१० अर्ब ४९ करोड खर्च भएको छ । उक्त रकम कुल विनियोजित बजेटको १६.३ प्रतिशत हो । चालु खर्चतर्फ विनियोजित रकमको २५.६ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजित रकमको १०.४ प्रतिशत खर्च भएको देखिन्छ । गत वर्षको सोही अवधिमा चालु खर्चतर्फ बिनियोजित रकमको २२.७ प्रतिशत र पुँजीगत खर्चतर्फ बिनियोजित रकमको १३.० प्रतिशत खर्च भएको थियो (तालिका ७.१) ।

**तालिका ७.१ : प्रदेशगत खर्चको स्थिति**

*रु.अर्बमा*

| खर्च शीर्षक | विनियोजित रकम | | पुस मसान्तसम्मको खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ | २०८०/८१ | २०८१/८२ |
| चालु | २६.४५ | २६.१० | ५.९९ | ६.६७ | २२.६७ | २५.५७ |
| पुँजीगत | ३५.७५ | ३६.९३ | ४.६५ | ३.८२ | १३.०० | १०.३६ |
| वित्तीय व्यवस्था | ०.५ | १.५ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| **कुल** | ६२.७० | ६४.५३ | १०.६४ | १०.४९ | १६.९८ | १६.२७ |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा, नेपाल ।*

## ७.३ प्रदेशगत सरकारी आय

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्ममा आफ्नो स्रोतबाट संकलित राजस्व र राजस्व बाँडफाँड गरी कुल राजस्व प्राप्ति रु.१२ अर्ब ३१ करोड पुगेको छ । उक्त रकम वार्षिक अनुमानको ३६.१ प्रतिशत हो । आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्ममा बागमती प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सःशर्त, विशेष र समपुरक गरी कुल रु.५ अर्ब ४६ करोड अनुदान प्राप्त गरेको छ (तालिका ७.२) ।

**तालिका ७.२: प्रदेशगत आयको स्थिति**

*रु. अर्बमा*

| शीर्षक | २०८१/२०८२ को अनुमान | २०८१/२०८२ पुस मसान्त |
|---|---|---|
| राजस्व बाँडफाँड | २९.५५ | १०.५० |
| प्रदेश सरकारको आफ्नो स्रोतबाट संकलित राजस्व | ४.५३ | १.८१ |
| **कुल राजस्व** | **३४.०८** | **१२.३१** |
| बेरुजु तथा गत वर्षको नगद मौज्दात | १४.८६ | ०.१२ |
| संघीय सरकारबाट प्राप्त अनुदान | १५.५७ | ५.४६ |
| **कुल** | **६४.५१** | **१७.८९** |

*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालय, हेटौंडा, नेपाल ।*

## ७.४ स्थानीय तहहरुको वित्त स्थिति

बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएको ५ स्थानीय तहहरु (काठमाडौं महानगरपालिका, भरतपुर महानगरपालिका, ललितपुर महानगरपालिका, भक्तपुर नगरपालिका, हेटौंडा उप-महानगरपालिका) ले आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्ममा रु.१३ अर्ब ६९ करोड रकम प्राप्त गरेका छन् । अघिल्लो आर्थिक वर्षको पुस मसान्तसम्ममा यी स्थानीय तहहरुले रु.१० अर्ब ४० करोड रकम प्राप्त गरेका थिए ।

**तालिका ७.३: बागमती प्रदेशको स्थानीय तहहरुको खर्च विवरण***


रु. अर्बमा

| विवरण | २०८०/८१ (अर्ध वार्षिक) | २०८१/८२ (अर्ध वार्षिक) |
|---|---|---|
| | **वास्तविक खर्च** | **वास्तविक खर्च** |
| कर | २.६९ | ५.१७ |
| अनुदान | ५.७५ | ७.१२ |
| अन्य राजस्व | १.९२ | १.३७ |
| विविध प्राप्ति | ०.०२ | ०.०१ |
| अन्य संस्थाहरुबाट ऋण प्राप्ति | ०.०२ | ०.०१ |
| **क. कुल प्राप्ति** | १०.४० | १३.६९ |
| **ख. कुल खर्च** | १५.४४ | १८.४८ |
| *चालु* | ८.१७ | १०.२१ |
| *पुँजीगत* | ७.१९ | ८.१३ |
| *वित्तीय* | ०.०८ | ०.१४ |
| **बचत (न्यून) रकम (क-ख)** | (५.०४) | (४.७९) |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्ममा छनौट गरिएको ५ स्थानीय तहहरुले रु.१८ अर्ब ४८ करोड रकम खर्च गरेका छन् । जसमध्ये पुँजीगत खर्च रु.८ अर्ब १३ करोड, चालु खर्च रु.१० अर्ब २१ करोड र वित्तीय खर्च रु.१४ करोड रहेको छ ।

**चार्ट ८: २०८१/८२ पुस मसान्तसम्ममा ५ वटा स्थानीय तहहरुको खर्चको विवरण (रु.अर्बमा)**




*स्रोत : महालेखा नियन्त्रक कार्यालय ।*

अध्ययनमा समेटिएका स्थानीय तहहरुमध्ये आर्थिक वर्ष २०८१/८२ पुस मसान्तसम्ममा कुल विनियोजित बजेटको तुलनामा सबैभन्दा बढी हेटौँडा उप-महानगरपालिकाको ५९.९ प्रतिशत वास्तविक खर्च भएको छ भने काठमाडौं महानगरपालिकले सबै भन्दा कम ३८.० प्रतिशत वास्तविक खर्च गरेको छ। यसैगरी, भक्तपुर नगरपालिका, भरतपुर महानगरपालिका र ललितपुर महानगरपालिकाले कुल विनियोजित बजेटको क्रमशः ४७.९ प्रतिशत ४३.९ प्रतिशत र ४५.५ प्रतिशत वास्तविक खर्च गरेका छन्।

# परिच्छेद ८: आर्थिक परिदृश्य

आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रयमासबाटै व्याजदर घट्दो क्रममा रहेतापनि कर्जा तथा लगानी अपेक्षित रुपमा बढन नसकेको र सरकारको बजेट लक्ष्य अनुसार पुँजीगत खर्च हुन नसकेकोले आर्थिक क्रियाकलापमा अपेक्षित सुधार हुन सकेको छैन । यसको प्रभाव राजस्व परिचालनमा समेत देखिएको छ । स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत प्राप्त विवरणका आधारमा भने आगामी दिनमा बागमती प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि केही सुधार हुने अनुमान रहेको छ ।

## ८.१ कृषि क्षेत्र

यस प्रदेशमा रहेका जिल्लागत कृषि ज्ञान केन्द्रहरू र कृषि मन्त्रालयबाट प्राप्त तथ्याङ्क तथा प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०८१/८२ मा कृषि उत्पादन सामान्य वृद्धि हुने अनुमान छ । पछिल्लो समयमा कृषिमा यान्त्रिकीकरण र आधुनिकीकरण बढेको, सिञ्चित क्षेत्रफलमा विस्तार भएको, उन्नत जातको बीउ प्रयोगमा वृद्धि भएको, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता भएको आदि कारणले समग्र कृषि क्षेत्रको उत्पादनमा टेवा पुग्ने देखिन्छ । त्यसैगरी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि क्षेत्र विकास आयोजना, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजना तथा विशेष कृषि उत्पादन कार्यक्रम, प्रादेशिक कृषि थोक बजारको सञ्चालन, निर्माण सम्पन्न भएका शीतभण्डारहरुको सञ्चालन, पशु नश्ल सुधार कार्यक्रम सञ्चालन, पशुमा लाग्ने रोग विरुद्ध खोप अभियान सञ्चालन लगायतका रणनीतिक आयोजना तथा कार्यक्रमहरू मुख्य रूपमा कार्यान्वयन हुनुका साथै, बिउबिजन आत्मनिर्भर कार्यक्रमलाई निरन्तरता दिन तथा किसानहरुलाई व्यवसायिक उत्पादनतर्फ प्रोत्साहित गर्न "एक वडा एक कृषि उत्पादन" कार्यक्रमका लागि बजेट विनियोजन भएको लगायतका कार्यहरुले समग्र कृषि उत्पादन बढ्ने अनुमान रहेको छ ।

## ८.२ औद्योगिक क्षेत्र

समीक्षा अवधिमा निर्माण तथा उत्पादन क्षेत्रमा आएको शिथिलता, उद्योगहरुको उत्पादन क्षमताको न्यून उपयोग जस्ता कारणहरुले अल्पकालीन रुपमा उद्योग व्यवसाय र औद्योगिक उत्पादनमा अपेक्षाकृतरुपमा सुधार हुन सकेन । यद्यपी, न्यून ब्याजदर, अधिक तरलता, विप्रेषण आप्रवाह र जलविद्युत उत्पादनमा भएको वृद्धि तथा सरकार तथा यस बैंकको नीतिगत सहजता लगायतका कार्यहरुले दीर्घकालीन रुपमा पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान रहेको छ ।

प्रदेशका सबै निर्वाचन क्षेत्रमा सीप, प्रविधि हस्तान्तरण तथा परामर्श सेवा सहितको उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन, बिजनेश इन्क्यूवेसन सेन्टरको स्थापना, जग्गा एकिकरण तथा चक्लाबन्दी कार्यक्रमको शुरुवात, एक स्थानिय तह एक उद्योग ग्राम कार्यक्रम कार्यान्वयन लगायतका कार्यहरुले पनि उद्योग क्षेत्र थप विस्तार हुने अनुमान रहेको छ ।

## ८.३ सेवा क्षेत्र

बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जामा भएको बढोत्तरी, होटलहरुको औसत अकुपेन्सी दरमा भएको सुधार तथा घट्दो मुद्रास्फीतिले सेवा क्षेत्रमा थप सुधार आउने अनुमान छ । साथै, घर जग्गाको कारोबारमा कमी आएता पनि बढ्दो निक्षेप र कर्जा प्रवाहले पर्यटन, उपभोग्य कर्जा तथा यातायात, भण्डारण र संचार उप क्षेत्रहरु थप विस्तार हुने अनुमान रहेको छ ।

बागमती प्रदेश सरकारद्वारा एकीकृत पर्यटन विकास कार्यक्रम सञ्चालन, प्रदेश भ्रमण वर्ष २०२४ लाई निरन्तरता, सहकारीहरुको नियमन तथा अनुगमनका लागि काठमाडौं उपत्यकामा सहकारी रजिष्ट्रारको कार्यालय स्थापना, सांस्कृतिक सम्पदा परिपथ, पर्यापर्यटन परिपथ, सम्पदा परिपथ तथा शिव परिपथ जस्ता परिपथहरुको विकास लगायतका कार्यहरुले सेवा क्षेत्र थप विस्तार हुने अनुमान रहेको छ ।

## ८.४ पूर्वाधार क्षेत्र

पुँजीगत खर्च अपेक्षित रुपमा बढ्न नसकेको र राजस्व संकलनमा कमी आएको भएता पनि बाढीपहिरो पछिको संरचना निर्माणले गति लिने, निर्माणजन्य सामग्रीको आयात सँगसँगै स्वदेशी उत्पादनमा केही वृद्धि हुने र आन्तरिक मागमा सुधार आउने अनुमान रहेको छ । प्रादेशिक मार्ग तथा लोकमार्गको निर्माण तथा स्तरोन्नति गर्ने र सडकहरुको सीमा तोक्न प्रदेश सडक यातायात गुरुयोजना कार्यान्वयन गर्ने र महत्वपूर्ण आयोजनाको निर्माणले गति लिने लगायतका कारणहरुले आगामी समयमा पूर्वाधार क्षेत्र थप विस्तार हुने अनुमान रहेको छ ।

*     *     *